**मजदुर विज्ञापन शाखा**
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

**जातीय भेदभाव उन्मूलन गरौं।**

- सबै मानिस समान हुन्,
- समावेशी समाज निर्माणमा सबैको समान सहभागिता सुनिश्चित गरौं,
- भेदभावविरुद्ध आवाज उठाउँदै न्याय र समानताको पक्षमा पैरवी गरौं,
- विद्यालय, कार्यस्थल र समुदायमा समान व्यवहार अपनाऔं,
- मानव अधिकारको सम्मान र संरक्षण गरौं,
- विभेदजन्य व्यवहार, घृणा र पूर्वाग्रह त्यागौं,
- सामाजिक सद्भाव, सहिष्णुता र आपसी सम्मान बढाऔं,
- कानुन र नीतिहरूको पालना गर्दै विभेदमुक्त वातावरण बनाऔं,
- नयाँ पुस्तामा समानता र मानवताको मूल्य सिकाऔं।

जातजाति, सम्प्रदाय, लिङ्ग, भाषा वा धर्मका आधारमा हुने विभेदको अन्त्य गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

★ वर्ष : २८ ★ अङ्क : १०३ ★ ने. सं. ११४६ बछला गा, चतुर्थी ★ बुधबार ★ २३ वैशाख, २०८३ ★ May 6, 2026, Wednesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

# सरकार सार्वजनिक ऋण बढाउँदै देशलाई आर्थिक सङ्कटतर्फ धकेल्दै



जुम्ला २२, वैशाख । १३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा नेपाल मजदुर किसान पार्टी सिंजा गाउँसमितिले मङ्गलबार सिंजाको नराकोटमा कार्यकर्ता प्रशिक्षण सम्पन्न गर्‍यो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भन्नुभयो, “घरबाहिर फोहोर भए घरभित्र पनि फोहोर हुन्छ । त्यस्तै छिमेकी देश र टाढाका देशहरूको दृष्टिकोण राम्रो नभए एउटा देशमात्र राम्रो हुनेछैन । यसकारण, नेपाल मजदुर किसान पार्टीले अन्तर्राष्ट्रिय विषयमा कार्यकर्ताहरू जानकार हुनुपर्नेमा जोड दिँदै आएको हो ।”

उहाँले भदौ २३ र २४ गतेको हत्या र आगजनीमा राष्ट्रपति र तत्कालीन प्रधानमन्त्रीलाई समेत जिम्मेवार बनाउनु आवश्यक रहेको उल्लेख गर्दै दुवैले जनतालाई जानकारी नै नदिई आ-आफ्नो सरकारी निवास छोडेर जानु नालायकी रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, “फागुन २१ गतेको निर्वाचनमा राज्य संयन्त्रहरू निजामती, सेना, प्रहरी, गुप्तचरसमेत स्वच्छ र निष्पक्ष नभएको खुल्दै आएको छ । भदौ २४ को देशव्यापी आगजनी नियन्त्रण गर्न प्रहरीले सेना र सशस्त्रको सहयोग नपाएको सार्वजनिक गरेको छ । राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन सार्वजनिक भएमा भदौ २३ को हत्या र भदौ २४ को आगजनीका दोषीहरू पत्ता लगाउन सहज हुने समाचार पनि प्रकाशित भइरहेको छ ।”

“रास्वपाको सरकार गठनसँगै महँगी बढिरहेको, एक महिनामा सत्तरी हजारभन्दा बढी युवाहरूलाई वैदेशिक रोजगारीमा पठाएको, खुला सिमानामा भारतीय अतिक्रमण बढिरहेको, वैदेशिक ऋण पनि बढिरहेको समाचार प्रकाशित भइरहेको छ” सचिव सुवालले उल्लेख गर्नुभयो ।

अतिथि सुवालले नेपाल मजदुर किसान पार्टीका कार्यकर्ताहरूले जनतालाई

*बाँकी पृष्ठ ८ मा*




भेनेजुयाली राष्ट्रपति निकोलस मादुरो र प्रथम महिला सिलिया फ्लोरेसलाई संरा अमेरिकाले अपहरण गरेको १२१ औँ दिन पारेर राजधानी काराकसमा ऐक्यबद्धता आन्दोलनको प्रदर्शनमा सहभागी भेनेजुयाली जनता मे ४, २०२६ का दिन ।

*तस्बिर : टेलिसुर*

# बैतडीमा मतदातालाई धन्यवाद कार्यक्रम

बैतडी, २२ वैशाख । प्रतिनिधिसभा सदस्य निर्वाचनमा बैतडी जिल्ला निर्वाचन क्षेत्र नं. १ मा नेपाल मजदुर किसान पार्टीको तर्फबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार नवराज कोइरालालाई मतदान र निर्वाचनमा सहयोग गर्ने पार्टी कार्यकर्ता र समर्थकहरूलाई धन्यवाद कार्यक्रम सोमबार सम्पन्न भयो ।


जिल्लाका गोठालापानी, देहिमाडौँ र मुस्याचौर पुगी पार्टीका केन्द्रीय सदस्य नवराज कोइरालाले सहयोगी सबैमा धन्यवाद व्यक्त गर्ने क्रममा भन्नुभयो, “नेपालको वर्तमान परिप्रेक्ष्यमा पुँजीवादी प्रजातन्त्र र पुँजीवादी गणतन्त्र विद्यमान रहेकोले मजदुर किसानको हित हुनेछैन । मजदुर किसानको हितको लागि ‘जनताको प्रजातन्त्र’ हुनु आवश्यक छ । ‘जनताको प्रजातन्त्र’ मा मजदुर किसानको नेतृत्वमा प्रगतिशील बुद्धिजीवी र राष्ट्रिय पुँजीपतिवर्गको प्रतिनिधित्वमा सरकार गठन हुनेछ । जनताको प्रजातन्त्र समाजवादी क्रान्तिको पहिलो खुड्किलो हो ।”

# राष्ट्रपतिद्वारा संसद् अधिवेशन आह्वान

काठमाडौँ, २२ वैशाख । राष्ट्रपति रामचन्द्र पौडेलले संसद् अधिवेशन आह्वान गर्नुभएको छ । राष्ट्रपति पौडेलले वैशाख २८ गते दिउँसो २ बजेको लागि संसद् अधिवेशन आह्वान गर्नुभएको हो ।

मङ्गलबार बसेको मन्त्रिपरिषद् बैठकले संसद् अधिवेशन बोलाउन सिफारिस गरेसँगै राष्ट्रपतिले सो बैठक आह्वान गर्नुभएको हो ।

## हार्दिक धन्यवाद



यस सङ्घको आयोजनामा वैशाख १८ गते सम्पन्न १३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवस सफल पार्न नैतिक, भौतिक र आर्थिक सहयोग गर्ने सम्बन्धित सबैमा यो सङ्घ धन्यवाद ज्ञापन गर्दछ । साथै ऱ्यालीमा सहभागी किसान, विद्यार्थी, युवा, महिला, शिक्षक, कर्मचारी, सञ्चारकर्मी, स्वयम्सेवक, सांस्कृतिक टोली, उद्योग, कलकारखानाका मजदुर, सहकारी संस्था, बाजा समूह तथा जनसभामा आफ्ना गहकिलो विचार व्यक्त गर्नुहुने प्रमुख अतिथि, विशेष अतिथि, अतिथिहरू र गायक गायिका तथा मञ्च सहयोग गर्ने समूहलगायत प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग गर्ने शुभचिन्तक महानुभावहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

***नेपाल क्रान्तिकारी मजदुर सङ्घ***

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

## दाफा प्रदर्शनीबारे भक्तपुर नगरपालिकाको सूचना

भक्तपुरको कला, संस्कृति र सम्पदा संरक्षण गर्दै नयाँ पुस्तामा हस्तान्तरण गर्ने उद्देश्यले **भक्तपुर नगरव्यापी दाफा प्रदर्शनी** हुने भएकोले निर्धारित मितिभित्र दर्ता गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

**दर्ता गर्ने अन्तिम मिति** : २०८३ जेठ १० गते
**समय** : कार्यालय समयावधिमा
**दर्ता गर्ने स्थान** : भक्तपुर नगरपालिका प्रशासन शाखा, ब्यासी
: भक्तपुर नगरपालिकाका वडा कार्यालयहरू
: जनज्योति पुस्तकालय, इताछेँ, नःपुखु
**दर्ता शुल्क** : रू.१००।– प्रतिसमूह

**दाफा प्रदर्शनीसम्बन्धी नियमहरू** :
१) एउटा समूहमा वाद्यवादन र गायनसमेत गरी बढीमा १६ जना कलाकारहरू सहभागी हुन सक्नेछन् । एउटै कलाकार एकभन्दा बढी समूहमा सहभागी हुन पाइने छैन ।
२) वाद्यवादनमा लालाखीं, झ्यालिंचा र तँ अनिवार्य हुनुपर्नेछ भने संगती बाजाको रूपमा पोङा, नौ बाजालगायतका बाजाहरू समावेश गर्न सकिनेछ ।
३) प्रत्येक समूहलाई राग बढीमा ३ मिनेटसम्मको हुने गरी जम्मा १२ मिनेट समय प्रदान गरिनेछ ।
४) सहभागी दाफा समूहले तल उल्लेखित दाफा गीतमध्ये कुनै एक छनोट गरी फाराममा उल्लेख गर्नुपर्नेछ ।
क) हाय् हाय् राम राम (रणजीत मल्लको रचना)
ख) पचली भैरव
ग) करूणामय
घ) हाय् हाय् बालख
ङ) गोरा अर्थात् गोला (साची)
च) निदान (एकनाल)
छ) नास:द्यो
ज) राम नाम (चाली)
झ) मनकामना
५) सहभागी समूहका सदस्यहरूको पोशाकको एकरूपता र मञ्चमा प्रस्तुतीकरणको शैलीलाई विशेष ध्यान दिइनेछ । समूहमा महिलाको उपस्थितिलाई उत्साहित गरिनेछ ।
६) दाफा प्रदर्शनीमा प्रस्तुतिको क्रम गोला प्रथाबाट निर्धारित गरिनेछ । प्रथम प्रस्तुति गर्ने समूहले द्यो ल्हाय् गर्नुपर्नेछ भने अन्तिम समूहले आरती पनि दिनुपर्नेछ ।
७) दाफा प्रदर्शनीमा सहभागीमध्ये उत्कृष्ट ५ वटा समूहलाई विशेष प्रोत्साहन गरिनेछ ।



**मनमैजुबाट देखिएको काठमाडौँको घना बस्ती**

काठमाडौँको तारकेश्वर नगरपालिका-९ स्थित मनमैजुबाट मङ्गलबार मौसम खुल्दा देखिएको काठमाडौँको घना बस्ती । *तस्बिर : हरिराम भेटुवाल/रासस*

# भक्तपुर जिल्ला बचत सङ्घको स्थापना दिवस सम्पन्न, उत्कृष्ट सहकारीहरू पुरस्कृत

भक्तपुर, वैशाख २२ । सहकारी अभियानमा एकता, सिकाइ र अनुशासन सुदृढ गर्ने उद्देश्यसहित आयोजित भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि.को २२ औँ स्थापना दिवस कार्यक्रम भक्तपुरमा सम्पन्न भयो ।

कार्यक्रमको उद्घाटन नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लि. का अध्यक्ष चन्द्रप्रसाद ढकालले गर्नुभएको थियो । उहाँले कुनै पनि समस्याको समाधान बन्द गरेर नहुने स्पष्ट पार्दै बचत तथा ऋण सहकारी सङ्घहरूले स्थापनाकालदेखि गर्दै आएको परिभाषित कार्यमा रोक लगाउने गरी जारी अध्यादेशको विरोध गर्नुभयो । राज्यले सहकारीमा बचत रकम फिर्ता र ऋण असुलीका समस्याको समाधानका नाममा सहकारी सङ्घहरूको बचत तथा ऋणको कारोबार रोकेर झन् समस्या बल्झिने उहाँको भनाइ थियो । उहाँले सहकारीको नाम बेचेर केहीले व्यक्तिगत स्वार्थ पूरा गरे पनि समग्र सहकारी अभियानलाई एउटै डालोमा राखेर हेर्न नहुने तर्क राख्दै अध्यादेश संशोधन हुनेमा विश्वास रहेको बताउनुभयो ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि.का अध्यक्ष एवं कार्यक्रमका सभापति हरिकृष्ण बल्लले जनताले नचाहेका अव्यवहारिक ऐन नियमको कार्यान्वयन नहुनेबारे स्पष्ट पार्नुभयो । उहाँले सदस्यहरूको साथ र सहयोगमा सङ्घ अबका दिनमा अझ सशक्त ढङ्गले अघि बढ्ने र सदस्य संस्थाहरूको सुरक्षाका लागि प्रतिबद्ध रहने बताउनुभयो ।

निवर्तमान अध्यक्ष कृष्णगोविन्द लाखाजुले राष्ट्र बैङ्कले सहकारी हेर्न नसक्ने भन्दै सहकारीका लागि छुट्टै र प्रभावकारी नियमनकारी निकायको आवश्यकता औँल्याउँदै सङ्घहरूमा संस्थाहरूको अनिवार्य आबद्ध हुनुपर्ने कानुनी व्यवस्था हुनुपर्नेमा उल्टै सङ्घहरूलाई कमजोर बनाउने गरी जारी अध्यादेशको विरोध गर्नुभयो ।

सङ्घका संस्थापक अध्यक्ष राजेन्द्र दुमरुले सङ्घ स्थापनाबारे चर्चा गर्दै सहकारी अभियानमा एकबद्धता हुन नसक्दा सहकारीमा समस्या देखिएको बताउनुभयो ।

कर्जा सूचना केन्द्रका जुनियर अफिसर अभिषेक थापाले सहकारीहरू केन्द्रमा आबद्ध हुनुपर्ने बताउनुभयो ।

विगतमा सहकारी अभियानमा योगदान पुऱ्याउने सङ्घका निवर्तमान अध्यक्ष कृष्णगोविन्द लाखाजुसहित निवर्तमान सञ्चालक र निवर्तमान लेखा समिति संयोजक र सदस्यहरूलाई सम्मान गरिएको थियो । साथै, उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार २०८२ अन्तर्गत जिल्ला र नगरस्तरका उत्कृष्ट सहकारी संस्थाहरूलाई पुरस्कृत गरिएको थियो ।

जिल्लास्तरीय उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार पारिजात बचत तथा ऋण सहकारी संस्था लि.ले प्राप्त गरेको छ । त्यसैगरी नगरस्तरमा भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि., सिद्धार्थ बचत तथा ऋण सहकारी संस्था लि., सिमल बचत तथा ऋण सहकारी संस्था लि. र झझल्को बचत तथा ऋण सहकारी संस्था लि. पुरस्कृत भएका छन् ।

प्रभातफेरी कार्यक्रमअन्तर्गत विभिन्न नगरपालिकाबाट उल्लेखनीय सहभागिता जनाउने सहकारी संस्थाहरू भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि., बाराही बचत तथा ऋण सहकारी संस्था लि., लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि., शुभकामना बचत तथा ऋण सहकारी संस्था लि., समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि., जनता बचत तथा ऋण सहकारी संस्था लि., युवा बचत तथा ऋण सहकारी संस्था लि., मुहान गणेश बचत तथा ऋण सहकारी संस्था लि., चम्पक बचत तथा ऋण सहकारी संस्था लि.र दीपज्योति बहुउद्देश्यीय सहकारी संस्थालाई उत्कृष्ट सहभागिता पुरस्कार प्रदान गरिएको थियो ।

# २०८औँ मार्क्स जयन्ती तथा १३७औँ मे दिवस सम्पन्न

भक्तपुर, २२ वैशाख । नेपाल क्रान्तिकारी किसान सङ्घ, भक्तपुर जिल्ला समितिको आयोजनामा २०८ औँ मार्क्स जयन्ती तथा १३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा मङ्गलबार प्रशिक्षण कार्यक्रम भयो ।




उक्त प्रशिक्षण कार्यक्रममा नेमकिपाका केन्द्रीय सल्लाहकार हिमालश्वरलाल मूलले सहर विकास, उद्योग, कलकारखानाको स्थापना, फराकिलो बाटो र अन्य पूर्वाधारको विकासले देशको उर्वरभूमि कम गइरहेको उल्लेख गर्दै पुँजीवादको विकाससँगै सर्वहारावर्गको उदयले पुँजीवादको अन्त्य हुने विचार व्यक्त गर्नुभयो ।

मानव समाज वर्गसङ्घर्षमा आधारित हुने उल्लेख गर्दै उहाँले पुँजीपतिवर्गको सरकार रहेसम्म कामदारवर्गको हित हुनेछैन भन्नुभयो ।

उहाँले भन्नुभयो, "पुँजीवादको अन्तिम चरण समाजवाद हो । आज अमेरिकी साम्राज्यवादले संसारमै आफ्नो हैकम कायम गर्न आफूभन्दा कमजोर राष्ट्र, आफ्नो अधीनमा नबस्ने स्वतन्त्र राष्ट्रमाथि र समाजवादी राज्य व्यवस्था भएको राष्ट्रमाथि अनेक झूटा आरोप लगाई आक्रमण गरी आफू अनुकूल शासन गर्दै छ । तेल, ग्यास, सुन, हीरा कब्जा गर्ने उद्देश्यले अफगानिस्तान, इराक, सिरिया, भेनेजुयला र इरानमा आक्रमण गरियो ।

"अमेरिकाले युक्रेनलाई उक्साएर रुसमा र इजरायललाई सहयोग गरी प्यालेस्टिनमाथि नरसंहार गऱ्यो । एक दिन साम्राज्यवादको अन्त्य हुनेछ र कामदारवर्गको समानताको राज्यव्यवस्था स्थापना हुनेछ" उहाँले भन्नुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय सदस्य विश्वनाथ प्रजापतिले मजदुरको समस्या समाधान गर्न मजदुरहरू नै उठ्नुपर्छ र किसानको समस्या समाधान गर्न किसानहरू नै जुट्नुपर्छ भन्नुभयो ।

पुँजीपतिवर्गले श्रम शोषण गरेकै कारण पुँजीपतिवर्ग झन्झन् धनी भएको हो; गरिब झन्झन् गरिब भएको हो, उहाँले भन्नुभयो । उहाँले भन्नुभयो, "मे आन्दोलनले ८ घण्टाको काम र ज्याला वृद्धि गर्न सरकार बाध्य भयो । मजदुरहरूको बलिदान खेर गएन । सन् १८८९ मे १ को दिन एङ्गेल्सको उपस्थितिमा फ्रान्सको राजधानी पेरिसमा संसारकै मजदुर प्रतिनिधिहरू भेला गरी हरेक वर्ष १ मेको दिनलाई अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाउने निर्णय गरियो ।"

नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष गोविन्द दुवालको सभापतित्वमा भएको कार्यक्रममा जिल्ला सदस्य सूर्यबहादुर फोजू, गंगाराम ज्याख्व र पूर्णगोपाल राजचललगायतले २०८ औँ मार्क्स जयन्ती र १३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसबारे आ-आफ्नो विचार राख्नुभयो ।

# दार्चुलामा विद्यार्थी भेला

दार्चुला, २२ वैशाख । नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ नौगाड गाउँपालिका वडा नं. ६ को आयोजनामा विद्यार्थीसँग भेला तथा भेटघाट कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य रमेशकुमार रावलले नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ भनेको मजदुर किसान पार्टीको जनवर्गीय सङ्गठन हो; नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घको उद्देश्य भनेको उत्पादन श्रमसँग जोडिएको नि:शुल्क वैज्ञानिक शिक्षा लागू गर्नु हो; यो सङ्गठन कामदारवर्गका छोराछोरीहरूको साझा सङ्गठन हो भन्नुभयो ।

यो विद्यार्थी सङ्गठन स्थापनाकालदेखि नै नेपाल मजदुर किसान पार्टीको उद्देश्य पूरा गर्न अगाडि बढिरहेको उल्लेख गर्दै उहाँले नेपालको शिक्षा नीतिका कारण बेरोजगारी उत्पादन गरी सस्तो ज्यामीको रूपमा विदेश पठाउने सरकारी कामको विरोध गर्नुभयो ।

उहाँले भन्नुभयो, "देशमै रोजगारीको व्यवस्था गर्नुपर्छ । क्रान्तिको अर्थ बम बारुद पड्काउनु नभई परिवर्तन हो । पुँजीवादी व्यवस्थालाई फालेर समाजवादी व्यवस्था ल्याउनु परिवर्तन हो ।"

कार्यक्रममा नेमकिपा कैलाली सदस्य सीताराम पण्डितले विद्यार्थीले राजनीति नगरे खराब मान्छेको हातमा देशको नेतृत्व गई बहुमत कामदारवर्गका जनताले दु:ख पाउने हुँदा विद्यार्थीहरू राजनीतिक रूपमा सचेत र सङ्गठित हुनुपर्छ भन्नुभयो ।

# मङ्गलबार विश्व दम दिवस
# नेपालमा करिब आठ प्रतिशत मानिस दमबाट प्रभावित

काठमाडौँ, २२ वैशाख । मङ्गलबार विश्व दम दिवस 'दम भएका सबैलाई एन्टी-इन्फलामेटरी इनहलेरमा पहुँच- अहिलेको प्रमुख आवश्यकता' नाराका साथ विविध कार्यक्रम गरी मनाइयो । दिवसकै अवसरमा इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखामा निर्देशक डा. अनुज भट्टचनले सार्वजनिक गर्नुभएको तथ्याङ्कअनुसार नेपालमा करिब छदेखि आठ प्रतिशत मानिस दमबाट प्रभावित हुने गरेको पाइएको छ ।

उहाँका अनुसार नेपालमा तीव्र सहरीकरण, बढ्दो वायु प्रदूषण तथा मौसमी र जलवायु परिवर्तनका कारण दमको जोखिम निरन्तर बढ्दो छ । दमले बालबालिका, किशोरकिशोरी, वयस्क तथा वृद्धसहित सबै उमेर समूहका मानिसलाई प्रभावित गरेको उहाँको भनाइ छ ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का अनुसार विश्वभर करिब २६ देखि ३० करोड मानिस दम रोगबाट प्रभावित रहेको अनुमान गरिएको छ । दमले शारीरिक गतिविधिमा सीमितता आउने, निद्रामा समस्या हुने र निरन्तर थकान महसुस हुनेजस्ता समस्या देखा पर्छन् ।

दम अझै पनि कम पहिचान हुने भएकाले धेरै बिरामीले पर्याप्त उपचार नपाउने गरेको उहाँको भनाइ छ । स्वास्थ्य संस्थामा दम उपचारका आधारभूत सामग्री, विशेषगरी इनहेल्ड कोर्टिकोस्टेरोइडयुक्त (एन्टी-इन्फलामेटरी) इनहेलरको उपलब्धता कम हुनु वा मूल्य अत्यधिक महँगो हुनुका कारण विश्वभर हुने दमसम्बन्धी करिब ९६ प्रतिशत मृत्यु हाम्रोजस्तो मध्यम आय भएका देशमा हुने गरेको पाइएको छ ।

"इनहेलरको सट्टा मुखमार्फत वा सुइमार्फत दिने औषधिमा बढी निर्भर हुने प्रवृत्ति अझै देखिन्छ, जुन सधैँ प्रभावकारी हुँदैन । त्यसैले उपचारमा ढिलाइ तथा आवश्यक औषधिको अभावका कारण जटिलता बढ्ने जोखिम रहन्छ", उहाँले भन्नुभयो । ***(रासस)***

# ठगी कसुरमा स्मार्ट टेलिकम प्रालिका जोशी पक्राउ

काठमाडौँ, २२ वैशाख । स्मार्ट टेलिकम प्रालिका सर्वेश जोशी ठगी तथा आपराधिक विश्वासघात कसुरमा पक्राउ परेका छन् ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले निजले बेइमानीपूर्वक नेपाल सरकारको हक टुटाउने उद्देश्यका साथ कार्य गरी गराई ठगी तथा आपराधिक विश्वासघात कसुर गरेकाले सोमबार पक्राउ गरेको हो । निजलाई काठमाडौँ जिल्ला अदालतको अनुमतिमा पक्राउ गरी अनुसन्धान भइरहेको ब्यूरोले जनाएको छ ।

स्मार्ट टेलिकम प्रालिले नेपाल दूरसञ्चार प्राधिकरणबाट २०७० वैशाख २ गते दूरसञ्चार सेवा सञ्चालन गर्नका लागि आधारभूत टेलिफोन सेवाको अनुमतिपत्र लिएको थियो । स्मार्ट टेलिकमले नियमानुसार अनुमतिपत्र नवीकरण नगरेकाले २०८० वैशाख ३ गतेदेखि अनुमतिपत्र स्वत: रद्द भएको थियो ।

अनुमतिपत्र स्वत: रद्द भएपछि दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावलीबमोजिम सम्पूर्ण सम्पत्ति, दूरसञ्चार पूर्वाधार र संरचना प्राधिकरणले नियन्त्रणमा लिएको थियो । ***(रासस)***

# सुकुमवासी शिविरमा स्वास्थ्य परीक्षण, मङ्गलबारदेखि पठनपाठन सुरु

भक्तपुर, २२ वैशाख । सुकुम्बासीका अस्थायी शिविर भक्तपुरको खरिपाटीस्थित नेपाल विद्युत् प्राधिकरणको तालिम केन्द्रमा स्वास्थ्य उपचारदेखि पठनपाठन सञ्चालनमा ल्याइएको छ ।

सोमबारदेखि यहाँ स्वास्थ्य शिविर सञ्चालन गरी उपचार र औषधि वितरण सुरु गरिएको हो । शिविरमा भक्तपुर अस्पतालको चिकित्सक, नर्स, प्राविधिक टोली, तिलगङ्गा आँखा अस्पतालको आँखारोग विशेषज्ञसहितको टोलीद्वारा शिविर सञ्चालन गरी १५८ जनाको स्वास्थ्य परीक्षण गरिएको जिल्ला जनस्वास्थ्य अधिकृत एवं कार्यालयकी प्रमुख अञ्जना खड्काले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "यहाँ रहेका सबै सुकुम्बासी बस्तीदेखि सारिएका २६ जना बालबालिकासहित १५८ जनाको स्वास्थ्य परीक्षण र औषधि वितरण गरिरहेका छौँ ।" शिविरमा घाँटीमा प्वाल पारेर उपचार गराइरहेका आठ वर्षीय बालक, घाउमा नियमित ड्रेसिङ गर्नुपर्ने बिरामी, प्यारालाइसिस भएका ज्येष्ठ नागरिक, दृष्टिविहीन परिवार, कुष्ठरोगी, हिँड्न र बोल्न नसक्ने तथा सुस्तमनस्थिति भएका परिवार, सुत्केरी, गर्भवतीलगायत छन् ।

उहाँले स्वास्थ्य शिक्षा र मनोपरामर्श सेवा सञ्चालन गरिरहेको बताउनुभयो । क्षयरोगका बिरामी पनि हुनसक्ने आशङ्काले जन्त्र नामक संस्था र भक्तपुरको राष्ट्रिय क्षयरोग केन्द्रलाई तत्काल एआई प्रविधिको एक्सरे मेसिनबाट क्षयरोगको परीक्षण गर्न अनुरोध गरेको जानकारी दिनुभयो । बागमती प्रदेश सरकारका स्वास्थ्यमन्त्री किरण थापा मगरले सङ्घीय स्वास्थ्य मन्त्रालयसँग यसबारेमा छलफल भइरहेको जानकारी दिँदै प्रदेश सरकारले शिविरमा रहेसम्म यहाँका बिरामीको सेवामा बागमती प्रदेश स्वास्थ्य मन्त्रालयले स्वास्थ्योपचारको जिम्मेवारी लिने बताउनुभयो । यहाँ रहेका २६ जना बालबालिकालाई 'मोनिटर'मार्फत शिक्षासम्बन्धी चेतनामूलक जानकारीसहितको कक्षा सञ्चालन गरिएको र मङ्गलबारदेखि अस्थायी रूपमा नियमित पठनपाठनसमेत सुरु गरिएको छ । ***(रासस)***

# वीपी राजमार्गमा रोकिएका यात्रुको उद्धार

काभ्रेपलान्चोक, २२ वैशाख । विपी राजमार्गअन्तर्गत रोशी गाउँपालिका-७ स्थित लास्कोट र घुमाउनेको बिचमा रोकिएका यात्रुको राति उद्धार गरिएको छ ।

नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको संयुक्त टोलीले पाँच माइक्रोबसका ८९ यात्रुलाई गएराति नै सकुशल उद्धार गरी गन्तव्यतर्फ पठाएका हुन् । सोमबारको वर्षाका कारण रोशी खोलामा पानीको बहाव बढेपछि काठमाडौँतर्फ आउँदै गरेका ती गाडीहरू रोकिएको जनाइएको छ । सुरक्षा निकायको तदारुकता तथा मेहनतका कारण रोकिएका यात्रुलाई रातको समयमा सकुशल उद्धार गर्न सकिएको काभ्रे प्रहरी प्रमुख प्रहरी उपरीक्षक कोमल शाहले बताउनुभयो । उद्धारका लागि प्रमुख जिल्ला अधिकारी गोपाल अधिकारीलगायत सुरक्षा निकायका प्रमुखसमेत स्थलगत खटिनुभएको थियो ।

बर्सातपछिको बाढीले रोशी क्षेत्रमा विपी राजमार्गमा बनाइएको अस्थायी डाइभर्सन बगाउन थालेपछि सुरक्षा निकायले सोमबार साँझ ५:०० बजेदेखि उक्त क्षेत्रमा आवागमन बन्द गराएको थियो । राजमार्ग अवरुद्ध भएपछि सवारीसाधनलाई राजमार्गको प्रवेशमार्ग धुलिखेल तथा काभ्रेभञ्ज्याङ र मङ्गलटार तथा सिन्धुलीको नेपालथोकमा 'होल्ड' गराइएको जिल्ला ट्राफिक कार्यालय बनेपाले जनाएको छ । सम्भावित जोखिमलाई मध्यनजर गर्दै नेपाल प्रहरी तथा ट्राफिक प्रहरीबाट खटिएको प्रहरी टोलीले सुरक्षित स्थानमा रोक्दारोक्दै लापर्वाहीपूर्ण तरिकाले यात्रुको जीउधनलाई बेवास्ता गरेको जनाउँदै प्रहरीले सवारी चलाउने ती माइक्रोबसका चालकलाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय धुलिखेलको हिरासतमा राखी अनुसन्धान भइरहेको जनाइएको छ । दिउँसोको वर्षाका कारण विपी राजमार्गको जोखिमलाई मध्यनजर गर्दै सुरक्षा निकायले सोमबार साँझदेखि आवागमन बन्द गराइएको थियो । जिल्ला प्रहरी कार्यालय धुलिखेलले उक्त राजमार्गअन्तर्गत काभ्रेपलान्चोकको नमोबुद्ध नगरको कटुञ्जेस्थित चौकीडाँडादेखि सिन्धुलीको नेपालथोकसम्म सडकखण्डमा आवागमन बन्द गराइएको हो ।

प्रहरीले राजमार्गको अवस्था बुझेर मात्रै यात्रा गर्न सर्वसाधारणलाई अनुरोध गरिएको छ भने अर्को सूचना जारी नभएसम्म उक्त खण्डमा यात्रा नगर्न सडक यात्रुलाई अपिलसमेत गरिएको छ ।

बेमौसमी वर्षाका कारण पटकपटक रोशी खोलाको बाढीले विपी राजमार्गअन्तर्गत काभ्रेपलान्चोकको नमोबुद्ध नगरपालिकाको चौकीडाँडादेखि सिन्धुलीको नेपालथोकसम्मको विभिन्न स्थानमा अस्थायी डाइभर्सन बगाउँदा सडक अवरुद्ध हुँदै आएको थियो ।

गतसालको बाढीपहिरोले रागमार्गको चौकीडाँडा, रोशी तथा सिन्धुलीको नेपालथोक क्षेत्रमा १८ किमी सडक बगाएपछि खोलामै डाइभर्सन निर्माण गरी आवागमन भइरहेको थियो । हाल उक्त क्षेत्रमा स्थायी सडक निर्माण भइरहेको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ । *(रासस)*



**मार्सी धानको बीउ**

जुम्लाको चन्दननाथ नगरपालिका-५ का किसानको खेतमा हरियाली भएको मार्सीधानको बीउ । *तस्बिर: विजय रावत/रासस*

# जलवायुमैत्री खेती लगाउन सिक्दै किसान

टीकापुर, २२ वैशाख । कैलालीका किसान जलवायुमैत्री खेतीमा प्रोत्साहित भइरहेका छन् । विभिन्न जलवायुमैत्री प्रविधि पाठशालाका माध्यमबाट अभ्यास गर्दै जिल्लाको टीकापुरमा ४९ उत्पादन समूहले जलवायुमैत्री खेतीको अभ्यास गरिरहेका छन् ।

किसानले खेती गर्ने विभिन्न प्रविधिबारे जानकारी लिने, जलवायुमैत्री खेती प्रविधिबारे सिक्दै गएका छन् । यहाँ एक हजार २०० किसान जलवायुमैत्री खेती गरिरहेका छन् । टीकापुर नगरपालिका र दिगो विकास समाज भजनीको सहकार्यमा टीकापुरमा छ वटा जलवायुमैत्री कृषक पाठशालासमेत सञ्चालन भएका छन् । पाठशालामार्फत १२० किसानले जलवायुमैत्री खेती गरिरहेका छन् । तीन वटा कृषक पाठशाला सकिएको र तीन वटा अहिले चलिरहेका छन् ।

दिगो विकास समाज भजनीका परियोजनाका कार्यक्रम संयोजक प्रभु ढकालका अनुसार परियोजनाले किसानको आयमङ्गलबार्नका लागि जलवायुमैत्री खेती प्रविधिबारे किसानलाई सिकाउने गरेको छ । जसका लागि नमूना प्लट प्रदर्शन, महिलाको कार्यबोझ घटाउन कृषि उपकरण सहयोग, डिजिटल प्रविधिबाट बजारीकरण सिकाउने कार्य गर्दै आएको छ ।

परियोजनाले टीकापुर नगरपालिका वडा नं ६, ७, ८ र ९ मा काम गरिरहेको छ । त्यसैगरी भजनी नगरपालिका वडा नं १, २, ३, ४, ५, ७, ८ र ९ मा पनि काम गरिरहेको छ । घोडाघोडी नगरपालिका वडा नं १, २, ३, ५, ६, ७, ८, १०, ११, र १२ गौरीगङ्गा नगरपालिका वडा नं १० र ११ र कैलारी गाउँपालिका-८ मा काम गरिरहेको छ ।

यसका साथै कृषिमा लागेका समुदायका लागि समावेशी बजार, महिलाहरूको आर्थिक सशक्तीकरण, हरियाली पुन स्थापनालगायतका कार्यमा किसानको सक्रियता बढिरहेको स्थानीय सन्ध्या चौधरीले बताउनुभयो । टीकापुर-७ बेलुवाका चमेली जलवायु अनुकूलन कृषक पाठशालाका अध्यक्ष अजुवा चौधरीले गर्मी मौसममा खुर्सानी, टमाटर, काउली लगाउने र जोगाउने तरिका सिकेर खेती थालेका बताउनुभयो । "गर्मीमा तरकारीखेतीका लागि पानी धेरै चाहिने भएकाले सिँचाइ सुविधा भएको जमिनमा खेती गरिएको छ", उहाँले भन्नुभयो, "जलवायु अनुकूलनबाट तरकारी जोगाउन दूरी, गोडमेललगायतबारे जानकारी पाएका छौँ ।''

चमेली जलवायु पाठशालामा १८ जना महिलाले ढाइ कट्ठा जमिनमा तरकारीखेती गरेका छन् । उनीहरूले यो प्लटमा तरकारीखेती गर्दा झोल मल बनाउने तरिका सिकेका छन् । उनीहरूले घरघरमा जम्मा गरेको पिसाब, पानी, गोबर मल, झारपात, मिसाएर जैविक मल बनाउने गरेका छन् । यसका साथै गर्मीमा जोगिने बीउबारे पनि उनीहरू सचेत भएका चौधरीको भनाइ छ ।

जलवायुमैत्री कृषक पाठशालाले किसानलाई जलवायु परिवर्तनको प्रभाव बुझ्न सहयोग भइरहेको छ । मङ्गलबारभोलि मौसमी ढाँचा परिवर्तन भइरहेकाले यसबारे किसान सचेत भएका खेती सुधारमा सहज हुने कृषि प्राविधिक रविना चौधरीको भनाइ छ । "मौसम परिवर्तनका कारण अनियमित वर्षा, तापक्रम वृद्धि, सुक्खा वा बाढी आउने गर्नाले किसानलाई प्रत्यक्ष असर परिरहेको छ", उहाँ भन्नुहुन्छ, "यसबाट जोगिन जलवायुमैत्री खेती आवश्यक रहेकोमा किसानहरू बुझ्न थालेका छन् । जलवायुमैत्री कृषक पाठशालाले कृषकलाई यी जोखिम पहिचान गर्न र समाधान खोज्न मद्दत गर्छ ।"

यसका साथै, जलवायुमैत्री प्रविधिजस्तै जैविक मल प्रयोग, पानीको दक्ष व्यवस्थापन, विविध बाली प्रणाली अपनाउन सहयोग गरिरहेको किसानकै भनाइ छ । कृषकलाई व्यावहारिक अभ्यासमार्फत दिगो उत्पादन प्रणालीमा लैजान सहयोग भइरहेकाले यसले माटो, वातावरण संरक्षणमा सहयोग भइरहेको उनीहरूको भनाइ छ । कृषक पाठशालामा महिला किसान बढेपछि लैङ्गिक उत्तरदायित्व र सामाजिक न्यायलाई जोड दिन सहयोग भइरहेको महिला किसानको भनाइ छ । *(रासस)*

# तीन हजार १९० हेक्टर वनक्षेत्र अतिक्रमण

चन्द्रपुर (रौतहट), २२ वैशाख । रौतहटमा हालसम्म तीन हजार १९० हेक्टर वनक्षेत्र अतिक्रमणको चपेटामा छ । अतिक्रमणको चपेटामा परेकोमध्ये एक हजार ४२५ हेक्टर चुरेक्षेत्र तथा एक हजार ७४६ हेक्टर भावर तथा तराई क्षेत्र रहेको छ ।

डिभिजन वन कार्यालय रौतहटका प्रमुख हेमन्तप्रसाद साहका अनुसार व्यवस्थित वनको एक हजार ३२८ हेक्टर, सामुदायिक वनको ७५४, साझेदारी वनको ९०५ हेक्टर र सागरनाथ वृक्षरोपण क्षेत्रको २०१ हेक्टर वन क्षेत्र अतिक्रमणको चपेटामा छ ।

यसैबिच डिभिजन वन कार्यालयअन्तर्गत सञ्चालित दिगो वन व्यवस्थापन कार्यक्रम र विभिन्न सामुदायिक वन उपभोक्ता समूहबाट आर्थिक वर्ष २०८२/८३ मा करिब ५४ हजार क्युफिट काठ उत्पादन भएको छ । दिगो वन व्यवस्थापन लागू भएका तीन सामुदायिक वन उपभोक्ता समूह, एउटा साझेदारी वन उपभोक्ता समिति र विभिन्न सामुदायिक वनको वन क्षेत्रबाट उक्त परिमाणको काठ उत्पादन भएको हो ।

यसै वर्षदेखि चन्द्रपुर नगरपालिका-४ र ६ मा रहेको हातेमालो सामुदायिक वन उपभोक्ता समूह, चन्द्रपुर-३ मा रहेको तिलेश्वरनाथ र भोर्लेनी सामुदायिक वन उपभोक्ता समूह तथा रङ्गपुर साझेदारी वन उपभोक्ता समितिको वन क्षेत्रमा दिगो वन व्यवस्थापन कार्यक्रम सञ्चालन भएको कार्यालय प्रमुख साहले जानकारी दिनुभयो ।

प्रमुख साहका अनुसार रौतहटमा दिगो वन व्यवस्थापन लागू भएको हातेमालो सामुदायिक वन उपभोक्ता समूहले आठ हजार ८६४ क्युफिट र १५ चट्टा दाउरा, भोर्लेनी सामुदायिक वन उपभोक्ता समूहबाट १० हजार २५ क्युफिट काठ र २६ चट्टा दाउरा, तिलेश्वरनाथ सामुदायिक उपभोक्ता समूहबाट सात हजार ५०६ क्युफिट काठ र १४ चट्टा दाउरा र रङ्गपुर साझेदारी वनबाट १७ हजार ३२७ क्युफिट काठ र २९ चट्टा दाउरासहित उत्पादन भएको छ ।

उक्त तीन सामुदायिक वन र एउटा साझेदारी वनबाट यस वर्ष मात्रै ४३ हजार ७२२ क्युफिट काठ र ८४ चट्टा दाउरा उत्पादन भएको छ । रौतहटको ४३ सामुदायिक वनमध्ये यस वर्ष तीन सामुदायिक वनमा दिगो वन व्यवस्थापन कार्यक्रम लागू भएको तथा आउँदो आर्थिक वर्षमा जन चाहना सामुदायिक वन उपभोक्ता समूह चन्द्रनिगाहपुर र जनएकता सामुदायिक वन उपभोक्ता समूह चन्द्रनिगाहपुरमा लागू हुने प्रमुख साहले जानकारी दिनुभयो ।

वृक्षरोपण कार्यक्रमलाई व्यापक बनाउन ८० हजार जडीबुटीका बिरुवा, एक लाख ६० हजार ८०१ एकवर्षी र दुई लाख बहुवर्षीय बिरुवा उत्पादन भइरहेको उहाँले जानकारी दिनुभयो । वन पैदावार आपूर्ति समितिमार्फत यस आवभित्र एक हजार ४२६ क्युफिट काठ बिक्री गरेको प्रमुख साहले बताउनुभयो । काठ अभाव नभएको र पर्याप्तमात्रामा काठ भएका कारण आपूर्ति समितिमार्फत मागेको बखत काठ उपलब्ध गराइरहेको उहाँले बताउनुभयो ।

रौतहटमा ४३ सामुदायिक वन, तीन साझेदारी वन, चार धार्मिक वन, एउटा ब्लक फरेस्ट व्यवस्थापन वन रहेको छ । रौतहटमा ३० हजार १७७ हेक्टर अर्थात् २९ प्रतिशत भूभाग वनक्षेत्रले ओगटेको छ जसमा सबैभन्दा बढी चन्द्रपुर, गुजरा, वृन्दावन र फतुवा विजयपुर नगरपालिकाको भू-भागमा वनक्षेत्र पर्दछ । प्रमुख साहले वन अतिक्रमण हटाउनका लागि आवश्यक काम अगाडि बढाइएको जानकारी दिनुभयो । राज्यको नीतिअनुसार अन्य क्षेत्रको पनि वन अतिक्रमित क्षेत्र हटाइने उहाँले जानकारी दिनुभयो । *(रासस)*

# जाँचपास नहुँदा १४ सयभन्दा धेरै मालवाहक सवारी रोकिए

वीरगन्ज (पर्सा), २२ वैशाख । मुलुककै सबैभन्दा धेरै वस्तु तथा सामान आयात हुने वीरगन्ज भन्सारको सेवा प्रवाह एक सातादेखि प्रभावित भएको छ ।

भन्सार विन्दुमा आउने वस्तुमा अनिवार्य अधिकतम खुद्रा मूल्य (एमआरपी) कार्यान्वयन गर्न खोज्दा एक सातादेखि अत्यावश्यक पेट्रोलियम पदार्थ, औद्योगिक कच्चा पदार्थ र तरकारी तथा फलफूल बाहेक अन्य वस्तु तथा सामानको भन्सार जाँचपास हुनसकेको छैन ।

गत वैशाख १५ गतेदेखि आयात तथा निर्यातकर्ता भन्सार जाँचपास प्रक्रियामा सहभागी भएका छैनन् । जसका कारण भारतको रक्सौलतर्फ मालवाहक सवारीसाधन रोकिने क्रम बढ्दो छ ।

वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकृत उदयसिंह विष्टले दैनिक दुई सयभन्दा धेरै मालवाहक सवारीसाधन थपिने भएकाले पनि औसतमा एक हजार चार सय हाराहारीका सवारीसाधन जाँच प्रक्रिया रोकिएको बताउनुभयो ।

"हामी त भन्सार जाँचपासको प्रक्रिया गराउन तयार छौँ । तर, आयातकर्ता भन्सार जाँचपास गर्ने फाराम भर्नेदेखि घोषणा गर्नेसम्मका प्रक्रियागत कार्यमा सरिक नहुँदा भन्सार जाँचपास रोकिएको हो", उहाँले भन्नुभयो, "भन्सार विभागले आवश्यक समन्वय गरिरहेको छ । छिट्टै यो समस्या अन्त्य हुने अपेक्षा राखेका छौँ ।"

गत वैशाख १५ गतेदेखि आयातित एवं निर्यात गरिने सामग्रीको अधिकतम खुद्रा मूल्य (एमआरपी) लागू गर्ने निर्णय भएको थियो । तर, सो प्रावधानको आयातकर्ता तथा निर्यातकर्ताले विरोध जनाउँदै आइरहेका छन् । वीरगन्जको एकीकृत सुरक्षा भन्सार जाँचचौकीको व्यवस्थापनको जिम्मेवारी पाएको टीआरएस हिमालयन लर्जी पार्क प्रालिका इन्चार्ज गणेश घिमिरेले भन्सार जाँचपास नहुँदा भारतीय सडकमा समेत मालवाहक सवारीसाधनको लाइन लागेको बताउनुभयो । "अहिले देखिएको समस्या जतिसक्दो छिटो समाधान होस् भन्ने चाहना छ", उहाँले भन्नुभयो ।

वीरगन्ज भन्सार कार्यालयले दैनिक ५० देखि ६० करोड रूपैयाँसम्म राजस्व सङ्कलन गर्दै आएको छ । वीरगन्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरिप्रसाद गौतमले यो समस्या लामो समयसम्म रहँदा राज्य र व्यवसायी दुवैलाई फाइदा नहुने भएकाले आवश्यक समन्वय गरेर टुङ्ग्याउन अनुरोध गर्नुभयो । *(रासस)*

# सवारी लाइसेन्सको परीक्षाफल प्रकाशन गर्दा नागरिकता नम्बर सार्वजनिक नगर्न परमादेश

काठमाडौँ, २२ वैशाख । सर्वोच्च अदालतले सवारी लाइसेन्सको परीक्षाफल प्रकाशन गर्दा नागरिकता नम्बर सार्वजनिक नगर्न परमादेश जारी गरेको छ ।

माघ १८ गते न्यायाधीशहरू मनोजकुमार शर्मा र मेघराज पोखरेलको इजलासले गरेको परमादेशको पूर्णपाठ सार्वजनिक भएको हो ।

सवारी चालक अनुमति लिँदा दिइने परीक्षाफलको प्रकाशन गर्दा यातायात व्यवस्था विभागले नागरिकता नम्बरसमेत प्रकाशन गर्दै आएको थियो ।

यसले वैयक्तिक गोपनीयताको हक हनन हुन पुगेको भन्दै सर्वोच्चले परमादेश जारी गरेको हो ।

"परीक्षार्थीहरूको नाम र रोल नम्बरको साथमा नागरिकता नम्बरसमेत प्रकाशन गर्दै आएको र परीक्षार्थीको परीक्षाफलसँगै नागरिकता नम्बर समेत प्रकाशन गर्नाले परीक्षार्थीहरूको वैयक्तिक गोपनीयताको हक हनन हुन पुगेको देखिँदा अब उपरान्त सवारी चालक अनुमतिपत्रको लिखित तथा प्रयोगात्मक परीक्षाको परीक्षाफल प्रकाशन गर्दा परीक्षार्थीको नागरिकता नम्बर उल्लेख नगरी परीक्षाफल प्रकाशन गर्नू भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ", सर्वोच्चले भनेको छ ।

त्यस्तै, यातायात व्यवस्था विभागलाई कुनै पनि कानुनले परीक्षार्थीको नागरिकता नम्बर प्रकाशन गर्न अधिकार नदिएको पनि सर्वोच्चले बताएको छ ।

यस फैसलाको पूर्णपाठ तयार नहुँदा भदौ २४ गते भएको आगजनीमा यस मुद्दाको सक्कल मिसिल भेटिएको थिएन । मुद्दा व्यवस्थापन प्रणालीमार्फत निकालिएको मुद्दाको स्थितिको आधारमा इजलासले पूर्णपाठ तयार पारेको हो ।

। सम्पादकीय ।

# सरकारको अदूरदर्शी निर्णयले जनतामा असन्तोष

विगतमा सत्तारुढ दलका नेताहरूले जनताको विश्वास प्राप्त गर्न सकेनन् । सरकारप्रति जनताको असन्तोष बढेकै कारण गत फागुन २१ गतेको निर्वाचनमा रास्वपाले झण्डै दुईतिहाइ बहुमत प्राप्त गरेको थियो । तर, यो सरकारले जनताको विश्वास जित्ने नाउँमा सरकारको नेतृत्व गरेपछि थोरै समयमै धेरै काम गर्ने मनसायका साथ केही सुधारात्मक काम गर्ने प्रयास गर्‍यो । सरकारको नेतृत्व गरेको दुई तीन हप्तापछि नै रास्वपालाई मत राख्ने जनताले नै विरोध गर्न थाले । वैशाख २२ गते प्रकाशित नेपाल समाचारपत्रमा लेखियो; पोखरामा सुकुमवासी भूमिहीनको विशाल विरोध सभा : डोजरे सरकार चाहिँदैन भन्दै भोट फिर्ता माग ।' 'पच्छिम एसिया युद्धले नेपालको अर्थतन्त्रमा गम्भीर प्रभाव : रेमिट्यान्स घट्दो, पर्यटन सङ्कटमा ।' सोही दिनको नयाँ पत्रिकामा 'दुई दिन बिदाले अस्तव्यस्त ठुला सरकारी अस्पताल ।' लेखियो । कान्तिपुर दैनिकमा लेखियो, सुकुमवासी बस्तीका जेन-जी घाइते भन्छन् - 'विस्थापनपछि कहाँ जाने, कुनै टुङ्गो छैन ।' 'नागरिक' दैनिकमा लेखियो, 'हुकुमी शासनको अभ्यासमा सरकार ।' आदि ।

पोखरा महानगरपालिकाले ३५ दिनभित्र सार्वजनिक स्थल अतिक्रमण गरी बनाइएका संरचना हटाउन जारी गरेको सूचना खारेजीको माग गर्दै भूमिहीन तथा सुकुमवासीले पोखरामा विरोध गरे । उनीहरूले बालेन्द्र साहको नेतृत्वमा रहेको सरकारले सुकुमवासीलाई बिचल्लीमा पारी डोजरे सरकार चाहिँदैन भन्दै आफूले हालेको भोट फिर्ता माग गरे । मध्यपूर्वमा करिब २० लाख दक्ष र अर्धदक्ष नेपाली श्रमिक कार्यरत छन् । युद्धका कारण त्यहाँका ठुला उद्योगहरू बन्द भएका छन् । उद्योगमा कार्यरत श्रमिकहरू प्रभावित भएका छन् । यसले वैदेशिक रोजगारीबाट प्राप्त हुने रेमिट्यान्स, पर्यटन र पेट्रोलियम पदार्थको आपूर्ति सङ्कटमा पारेको छ । यसैगरी मुलुकका २८ नागरिक अगुवाहरूले हुकुमवासीको नाउँमा सुकुमवासी र भूमिहीनमाथि अमानवीय व्यवहार गरेको भन्दै आपत्ति जनाए । हुकुमवासीलाई कानुनी दायरामा ल्याउने नाममा सुकुमवासीलाई गाँसबासको उचित व्यवस्था नगरी सरकारले उठीवास गरेकोले हुकुमी शासनको अभ्यास तुरुन्त रोक्न सुकुमवासीले आग्रह गरे ।

सरकारले आइतबार पनि सार्वजनिक बिदा लागू गरेपछि देशका सरकारी अस्पतालको सेवा प्रवाहमा समस्या देखिएको छ । बिदाको व्यवस्थाले बिरामीको चाप बढेको कारण उपचार सेवामा थप समस्या देखिएको हो । कानुनले जुनसुकै अवस्थामा पनि स्वास्थ्य सेवा अवरुद्ध हुन नहुने व्यवस्था गरे पनि सरकारले आइतबार बिदा दिएको कारण बिरामीको चाप बढेर उपचारमा समस्या परेको अस्पताल व्यवस्थापन समिति र चिकित्सकहरूको भनाइ हो । टिकट लिएका बिरामीहरू स्वास्थ्य परीक्षण नै गर्न नपाई फर्कन बाध्य भए । बिदाको कारण भएको यो अस्तव्यस्तप्रति सरकारको ध्यान अहिलेसम्म गएको छैन ।

सुशासन र भ्रष्टाचारको अन्त्य गर्न जेन-जी आन्दोलनमा सरिक हुँदा घाइते भएका युवाहरू पनि रास्वपाको सरकारले गरेको कार्यप्रति असन्तुष्ट छन् । जेन-जी आन्दोलनको अग्रपङ्क्तिमा लागेर घाइते भएका युवाहरू बस्ती विस्थापनपछि कहाँ जाने, कहाँ बस्ने टुङ्गो नलागेर बिचल्लीमा परेका छन् । सार्वजनिक जग्गा तथा ऐलानी जग्गा अतिक्रमणको अहिले चर्चाको विषय बनेको छ । सरकारी, सार्वजनिक तथा ऐलानी जमीन खाली गराउने काम थालनी भइरहेको बेला रास्वपाबाट बाँके क्षेत्र नं. १ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य सुरेशकुमार चौधरीको घर पनि ऐलानी जग्गामा परेको समाचार प्रकाशित भएको छ । ऐलानी जग्गामा बनेको दुईतले सांसद चौधरीको घर भत्काउन सरकार जोडबल गर्छ कि गर्दैन ? स्थानीय जनतामा चर्चाको विषय बन्यो । कतै यो सरकार पनि विगतको सरकारले झैँ अरुलाई पेल्ने र आफूलाई छोड्ने हो कि भनी जनताले शङ्का व्यक्त गर्न थालेका छन् । परिणाम देखाउन छिटो कार्यको प्रारम्भ गरेदेखि नै हचुवा निर्णयको कारण जनतामा असन्तोष बढेको हो ।

जनतालाई विचल्ली र अस्तव्यस्त बनाएर सरकारले समाधानको उपाय खोज्ने हो कि अगाडि नै सुकुमवासी र हुकुमवासी छुट्याएर समस्याको निकास खोज्ने हो ? सुकुमवासीहरूको सबै व्यवस्थापन गरेपछि कारबाहीको प्रक्रिया अघि बढाइएको भए जनताको विरोध कम हुन्थ्यो । सुकुमवासीले डोजरे सरकार चाहिँदैन भनी विरोध प्रदर्शन गर्दैनथे । यसमा सरकार चुकेको देखिन्छ । सरकार चुक्नुको कारण सरकारको नेतृत्व गर्ने युवा मन्त्रीहरूमा जोस भए पनि उनीहरू दूरदर्शी छैनन् भन्ने थाहा हुन्छ । यसरी नै सरकारको मनपरी निर्णय र कार्यशैलीको विरोधमा सुकुमवासी मात्र होइन सहकारी पीडित, विद्यार्थी, चिकित्सक, शिक्षक, अभिभावक र नागरिक समाजका अगुवाहरू पनि असन्तुष्ट छन् । उनीहरू गलत सरकारी निर्णयको फिर्ता माग गर्दै आन्दोलनमा छन् ।

# 'श्रमिक' का सम्पादकीयहरूको तेस्रो सङ्कलन पुस्तक : नेपाली राजनीतिक, आर्थिक तथा सामाजिक यथार्थको गहिरो विश्लेषण गर्ने वैचारिक कृति

**पुँजीवादी निर्वाचन प्रणाली र त्यससँग जोडिएको भ्रष्टाचारप्रति पुस्तकले गहिरो आलोचना प्रस्तुत गरेको छ । नेपालको निर्वाचन प्रणालीलाई यसले पैसाको खेल, माफिया समूहहरूको प्रभाव र विदेशी हस्तक्षेपको परिणामको रूपमा व्याख्या गरेको छ । चुनावमा सिद्धान्तभन्दा धन र पहुँचको प्रभाव हाबी भएको, इमानदार र जनमुखी नेतृत्वको स्थानमा ठेकेदार, व्यापारी तथा भ्रष्ट तत्त्वहरूको प्रवेश भएको यथार्थलाई यसमा स्पष्ट रूपमा देखाइएको छ । राजनीतिलाई जनसेवाको माध्यम नभई व्यक्तिगत स्वार्थ र शक्ति आर्जन गर्ने साधन बनाइएको छ । यसले लोकतान्त्रिक प्रक्रियाप्रति जनविश्वास घटाउने खतरा पैदा गरेको छ ।**

'श्रमिक' साप्ताहिक नेपाली पत्रकारिताको क्षेत्रमा सैद्धान्तिक स्पष्टता, वैचारिक दृढता र जनपक्षीय दृष्टिकोणका कारण विशिष्ट पहिचान बनाएको प्रकाशन हो । आजको समयमा धेरैजसो सञ्चारमाध्यमहरू, व्यावसायिक स्वार्थ वा सनसनीमुखी प्रवृत्तितर्फ झुकेको देखिँदा, 'श्रमिक' साप्ताहिकले भने पत्रकारिताको मूल मर्म यथार्थ, सन्तुलन र विश्वसनीयतालाई केन्द्रमा राख्दै आफ्ना सामग्री प्रस्तुत गर्दै आएको छ । यसले समाज, राजनीति तथा अन्तर्राष्ट्रिय घटनाक्रमलाई वर्गीय र ऐतिहासिक दृष्टिकोणबाट विश्लेषण गर्दै पाठकलाई सूचना मात्र होइन, स्पष्ट वैचारिक दिशा पनि प्रदान गर्ने कार्य गरिरहेको छ ।

नेपालको पत्रकारिता क्षेत्रमा देखिएको विकृति, प्रोपागन्डामूलक प्रवृत्तिबिच 'श्रमिक' साप्ताहिक सैद्धान्तिक रूपमा आधारित पत्रकारिताको उदाहरण प्रस्तुत गरिरहेको पत्रिका हो । यसले जनचासोको विषयलाई प्राथमिकता दिँदै जनताको पक्षमा उभिने, सत्तालाई प्रश्न गर्ने र वैचारिक बहसलाई समृद्ध बनाउने भूमिका निर्वाह गर्दै आएको छ । यस अर्थमा, 'श्रमिक' साप्ताहिक एक समाचारमाध्यम मात्र नभई जनचेतना अभिवृद्धि गर्ने र वैचारिक मार्गदर्शन दिने महत्त्वपूर्ण माध्यमका रूपमा स्थापित भएको छ ।

यस साप्ताहिक पत्रिकाको सम्पादकीय खण्डले वर्तमान सामाजिक-राजनीतिक यथार्थलाई जनताले कुन दृष्टिले हेर्ने भन्नेमा स्पष्ट मार्गनिर्देशन दिइरहेको सम्पूर्णलाई जानकारी नै छ । तसर्थ, पुस्तकहरू महत्त्वपूर्ण र अध्ययनयोग्य छन् । यसले कामदारवर्गलाई राजनीतिक रूपले सुसूचित गर्ने महत्त्वपूर्ण काम गर्छ ।

**पुस्तक समीक्षा : 'श्रमिक सम्पादकीय सङ्कलन-३'**

नेपालको समसामयिक राजनीतिक, आर्थिक र सामाजिक विकृतिहरूको यथार्थपरक शल्यक्रिया गरी लेखिएका सम्पादकीयहरू सङ्कलन गरी प्रकाशनमा ल्याएको यस पुस्तक एक महत्त्वपूर्ण वैचारिक कृति हो । यस पुस्तकमा शासक दलहरूभित्र मौलाएको अवसरवाद, पदलोलुपता र वैचारिक विचलनको कडा भण्डाफोर गर्दै उनीहरूले राजनीतिलाई व्यक्तिगत स्वार्थ र कमिसनको साधन बनाएको यथार्थ पस्किएको छ । सिद्धान्त त्यागेर सत्ताको खेलमा लागेका नेताहरूले पुँजीवादी निर्वाचनलाई कसरी पैसा, माफिया र ठेकेदारहरूको क्रिडास्थल बनाएका छन् भन्ने कुरा यसमा प्रस्ट पारिएको छ । देशका सार्वजनिक उद्योगधन्दाहरूलाई कौडीको मूल्यमा निजीकरण गरी कृषि अर्थतन्त्र ध्वस्त पार्ने र लाखौँ युवालाई सस्तो श्रमका लागि विदेश धकेल्ने शासकवर्गको गलत आर्थिक नीतिको यसले तीव्र आलोचना गरेको छ ।

यस सङ्कलनको अर्को प्रमुख पक्ष भनेको अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको प्रखर विरोध तथा राष्ट्रिय सार्वभौमिकताको पक्षपोषण हो । विशेष गरी, देशको स्वतन्त्रतामाथि आँच आउने थाहा पाउँदापाउँदै पनि शासक दलहरूले एमसीसी (MCC) जस्ता सम्झौताहरू पारित गरेको घटनालाई पुस्तकले नवउपनिवेशवादी षड्यन्त्रको रूपमा कडा निन्दा गरेको छ । यसले साँचो 'सर्वहारा वर्गीय भावना' भनेको काम नगरी खाने प्रवृत्ति नभई आफ्नै बुद्धि, सीप र परिश्रममाथिको विश्वास हो भन्दै कामदारवर्गलाई सचेत गराएको छ । समग्रमा, विदेशी हस्तक्षेप र स्वदेशी भ्रष्ट प्रशासनबाट देशलाई जोगाउन सचेत देशभक्त, बुद्धिजीवी, मजदुर र किसानहरूले मौलिक राष्ट्रिय हित र समाजवादको बाटोमा कसरी निरन्तर सङ्घर्ष गर्ने भन्ने स्पष्ट वैचारिक मार्गदर्शन यस पुस्तकले प्रदान गरेको छ

'श्रमिक' का सम्पादकीयहरूको तेस्रो सङ्कलन 'श्रमिक' सम्पादकीय सङ्कलन-३' नेपाली राजनीतिक, आर्थिक तथा सामाजिक यथार्थको गहिरो विश्लेषण गर्ने एक सशक्त वैचारिक कृति हो । यो कृति केवल समसामयिक घटनाहरूको वर्णनमा सीमित छैन, बरु ती घटनाहरूको वर्गीय, ऐतिहासिक र वैचारिक आधारमा विश्लेषण गर्दै पाठकलाई गम्भीर चिन्तनतर्फ उन्मुख गराउने विशेषता बोकेको छ । यसले नेपालको वर्तमान राजनीतिक अवस्था, शासकवर्गको चरित्र, अन्तर्राष्ट्रिय शक्ति सन्तुलन तथा जनताको वास्तविक अवस्थालाई स्पष्ट दृष्टिकोणसहित प्रस्तुत गरेको छ । समग्रमा, यो सङ्कलन नेपाली समाजलाई बुझ्ने एक वैकल्पिक दृष्टिकोण प्रदान गर्ने बौद्धिक दस्ताबेजको रूपमा उभिएको छ ।

यस कृतिको प्रमुख विशेषता भनेको यसको स्पष्ट वैचारिक प्रतिबद्धता र तीक्ष्ण आलोचनात्मक दृष्टि हो । सम्पादकीयहरूमा प्रस्तुत विचारहरूले नेपाल मजदुर किसान पार्टीको दृष्टिकोणलाई आधार बनाएर देशको समसामयिक अवस्थाको विश्लेषण गरेका छन् । विशेषत: आफूलाई 'कम्युनिस्ट' वा 'समाजवादी' भन्ने तर व्यवहारमा पुँजीवादी चरित्र प्रदर्शन गर्ने नेताहरूको आलोचना यस कृतिको केन्द्रीय पक्ष बनेको छ ।

यस सङ्कलनले अवसरवाद र वैचारिक विचलनको गम्भीर प्रश्नलाई उठाएको छ । नेपाली राजनीतिमा देखिएको सिद्धान्त र व्यवहारबिचको अन्तरलाई यसले प्रस्ट रूपमा उजागर गरेको छ । आफूलाई क्रान्तिकारी सिद्धान्तसँग जोड्ने तर व्यवहारमा व्यक्तिगत स्वार्थ, पदलोलुपता र आर्थिक लाभका लागि पार्टी विभाजन गर्ने प्रवृत्तिलाई यसमा तीव्र आलोचना गरिएको छ । राजनीतिक दलहरूभित्र देखिएको नैतिक पतन, सत्ताकेन्द्रित सोच र जनताको अपेक्षाबाट विचलन भएको अवस्थालाई स्पष्ट रूपमा चित्रण गरिएको पाइन्छ । यसले देखाउँछ कि नेताहरूले मार्क्सवाद-लेनिनवादको आधारभूत सिद्धान्तलाई त्याग्दै संसदीय व्यवस्थालाई नै अन्तिम लक्ष्यका रूपमा स्वीकार गरेका छन्, जसले सर्वहारावर्गको हितलाई कमजोर बनाएको छ ।

पुँजीवादी निर्वाचन प्रणाली र त्यससँग जोडिएको भ्रष्टाचारप्रति पुस्तकले गहिरो आलोचना प्रस्तुत गरेको छ । नेपालको निर्वाचन प्रणालीलाई यसले पैसाको खेल, माफिया समूहहरूको प्रभाव र विदेशी हस्तक्षेपको परिणामको रूपमा व्याख्या गरेको छ । चुनावमा सिद्धान्तभन्दा धन र पहुँचको प्रभाव हाबी भएको, इमानदार र जनमुखी नेतृत्वको स्थानमा ठेकेदार, व्यापारी तथा भ्रष्ट तत्त्वहरूको प्रवेश भएको यथार्थलाई यसमा स्पष्ट रूपमा देखाइएको छ । राजनीतिलाई जनसेवाको माध्यम नभई व्यक्तिगत स्वार्थ र शक्ति आर्जन गर्ने साधन बनाइएको छ । यसले लोकतान्त्रिक प्रक्रियाप्रति जनविश्वास घटाउने खतरा पैदा गरेको छ ।



अनिता जधारी, प्राचार्य, ख्वप कलेज अफ ल

राष्ट्रिय सार्वभौमिकता र वैदेशिक हस्तक्षेपको विरोध यस कृतिको अर्को महत्त्वपूर्ण आयाम हो । विशेषत: अमेरिकी एमसीसी सम्झौता, भारतीय प्रभाव र विस्तारवादी नीति तथा अन्य अन्तर्राष्ट्रिय शक्तिहरूको हस्तक्षेपप्रति कडा आलोचना गरिएको छ । विदेशी सहयोगको नाममा नेपाललाई नवउपनिवेशीकरणतर्फ धकेल्ने प्रयास भइरहेको छ । कोसी, गण्डक, महाकालीजस्ता सन्धिहरूको सन्दर्भमा पनि असमानता र शोषणको मुद्दा उठाइएको छ । यसले पाठकलाई राष्ट्रिय स्वाधीनताको प्रश्नप्रति संवेदनशील बनाउने प्रयास गरेको छ ।

नेपालको बिग्रँदो अर्थतन्त्र र युवा पलायनको समस्या यस 'श्रमिक' साप्ताहिकका सम्पादकीयहरूमा उठाइएको छ । कृषि क्षेत्रको उपेक्षा, औद्योगिक संरचनाको पतन र रोजगारीका अवसरहरूको अभावका कारण लाखौँ नेपाली युवाहरू विदेश पलायन हुन बाध्य भएको अवस्थालाई यसले गहिरो चिन्ताका साथ प्रस्तुत गरेको छ । राज्यका नीतिहरूले देशलाई आत्मनिर्भर बनाउनेभन्दा परनिर्भर बनाउने दिशामा अग्रसर गरिरहेका छन् । सार्वजनिक उद्योगहरूको निजीकरण र राष्ट्रिय स्रोतहरूको दुरूपयोगले देशको आर्थिक आधारलाई कमजोर बनाएको छ ।

यस सङ्कलनले इमानदार र क्रान्तिकारी आन्दोलनको आवश्यकतामाथि जोड दिएको छ । शासकवर्गको विचलन र भ्रष्टाचारको बिचमा पनि जनताको शक्ति र चेतनालाई केन्द्रमा राख्दै वैकल्पिक राजनीतिक मार्गको आवश्यकता औँल्याइएको छ । मजदुर र किसानवर्गलाई सचेत गराउँदै, उनीहरूको सङ्गठन र सङ्घर्षमार्फत मात्र वास्तविक परिवर्तन सम्भव हुने धारणा प्रस्तुत गरिएको छ । यसले स्पष्ट पारेको छ कि सच्चा समाजवाद केवल नारा वा भाषणमा होइन, व्यवहारमा इमानदारी, श्रमप्रति सम्मान र जनसेवामा आधारित हुनुपर्छ ।

यस सङ्कलनको अर्को उल्लेखनीय पक्ष यसको अन्तर्राष्ट्रिय दृष्टिकोण हो । विश्व राजनीतिका घटनाहरूलाई नेपाली सन्दर्भसँग जोडेर विश्लेषण गरिएको छ । साम्राज्यवाद, युद्ध, शक्ति सन्तुलन र वैचारिक सङ्घर्षका विषयहरूलाई ऐतिहासिक दृष्टान्तसहित प्रस्तुत गरिएको छ, जसले पाठकलाई व्यापक विश्वदृष्टि प्रदान गर्छ । यसले नेपाली राजनीतिलाई अलग्गै रूपमा नभई विश्व राजनीतिक प्रणालीको अङ्गको रूपमा बुझ्न सहयोग पुर्‍याउँछ ।

भाषाशैलीको दृष्टिले हेर्दा सम्पादकीयहरू स्पष्ट, प्रत्यक्ष र प्रभावशाली छन् । तीक्ष्ण आलोचना र दृढ वैचारिकता यसको मुख्य विशेषता हो । कतिपय स्थानमा प्रयोग गरिएको कडा भाषा र आक्रामक शैलीले पाठकलाई झकझक्याउने काम गर्छ, जसले कृतिको उद्देश्य–जनचेतना अभिवृद्धिलाई सशक्त बनाएको छ । यसले पाठकलाई निष्क्रिय रूपमा पढ्नेभन्दा पनि सक्रिय रूपमा सोच्न र बहस गर्न प्रेरित गर्छ ।

समग्रमा, 'श्रमिक सम्पादकीय सङ्कलन-३' नेपाली समाज, राजनीति र अर्थतन्त्रको गहिरो विश्लेषण गर्ने एक महत्त्वपूर्ण कृति हो । यसले समस्या औँल्याउने काम मात्र गर्दैन, बरु ती समस्याको मूल कारण पहिचान गर्दै वैकल्पिक मार्गको सङ्केत पनि प्रदान गर्छ । मजदुर, किसान, विद्यार्थी, बुद्धिजीवी तथा अनुसन्धानकर्ताहरूका लागि यो एक महत्त्वपूर्ण अध्ययन सामग्री हो ।

अन्ततः, यो कृति समसामयिक नेपाललाई बुझ्न चाहने जो-कोहीका लागि एक उपयोगी मार्गदर्शक र वैचारिक स्रोतका रूपमा स्थापित भएको छ । यसले पाठकलाई वर्तमान यथार्थप्रति सजग बनाउँदै परिवर्तनको आवश्यकता र सम्भावनाबारे गम्भीर सोच्न प्रेरित गर्छ । यस महत्त्वपूर्ण प्रकाशनका लागि सम्पूर्ण सम्पादकीय तथा प्रकाशन टोली धन्यवादका पात्र छन् ।

*(वैशाख १९ गते आयोजित 'सम्पादकीय सङ्कलन' (तेस्रो खण्ड) र समसामयिक टिप्पणी सङ्कलन 'एकक्षण' पुस्तक सार्वजनिकीकरण कार्यक्रममा व्यक्त मन्तव्यको सार सङ्क्षेप)*

# मजदुरवर्गको राज्य पेरिस कम्युन – २

✍ का. रोहित

**कम्युनले गरेका कार्यहरू**

कम्युनले पुरानो प्रशासनको ठाउँमा नयाँ प्रशासनिक व्यवस्था लागू गर्यो; पहिलो अप्रिलको दिन कर्मचारीहरूको तलब मजदुरहरूको ज्यालासरह गरिदियो । कुनै पनि कर्मचारीको तलब ६ हजार फ्रान्कभन्दा बढी नरहने नयाँ तलब दर लागू गरियो । कम्युनका सदस्य अर्थात् प्रतिनिधिसभाका सदस्य र मन्त्रीहरूको तलब पनि साधारण ज्यामीको सरह गरियो । त्यो रकम बेलायतको एक स्कूल सेक्रेटरीको सबभन्दा तल्लो तलब दरको पाँच भागको एक भाग थियो । त्यसबेला स्कूल, पाठशालाहरू या शिक्षण संस्थाहरू धार्मिक चर्चको पञ्जामा थियो । त्यसले विज्ञान र विवेकलाई थिचिराखेको थियो । ८ अप्रिलको दिन शिक्षण संस्थाहरूलाई चर्चबाट अलग गर्ने ऐन पारित गरिदियो । चर्चलाई राज्यबाट अलग गरिदियो । धर्म मानिसको व्यक्तिगत विश्वासको रूपमा तल झारियो । धार्मिक कामको निम्ति सरकारले दिने गरेको रकम बन्द गरियो । जन्म-मृत्यु र विवाह दर्ता पनि कम्युन आफैले गर्ने निधो गऱ्यो । स्कूलमा धार्मिक ऐनहरू पढाउन बन्द गरियो । धेरै चर्च र मठहरूलाई जनताको सभा भवन बनाइदियो । कम्युनले स्कूलबाट सबै धार्मिक तस्बिर र चिह्नहरू, उपदेश र प्रार्थना आदि सबै चित्रहरू फिकिदियो । जनतामा निःशुल्क र अनिवार्य शिक्षा लागू गरियो । नयाँ नयाँ स्कूलहरू खोलिए, जनविरोधी पदाधिकारीहरू गिरफ्तार गरिए । युगौंदेखिको धार्मिक शोषणको सिक्रीलाई चुँडालीदियो । विज्ञानलाई चर्चको सिक्रीबाट छुटकारा दिइयो ।

कम्युनले बदनाम भएका पुराना पुलिस र सेनालाई भङ्ग गरेर वार्ड वार्डको आधारमा जनतामा स्वयंसेवक संस्थाको स्थापना गर्यो । त्यसका अफिसरहरू आफूमध्येबाट चुनिए । पुरानो अनिवार्य सैनिक भर्ती प्रथा खारेज गरेर हतियार बोक्न सक्ने सबै लोग्ने र स्वास्नीमानिस राष्ट्रिय गार्डमा सामेल हुनसक्ने नियम बनाइयो । यो नियम सेनामा लागू गरिनु प्रजातान्त्रिक पद्धतिको एक उदाहरण थियो ।

कम्युनले सार्वजनिक क्षेत्रमा केन्द्रीय सरकारका अधिकारहरू स्थापना गर्यो । नगरपालिका र अड्डा अदालतका सबै काम कम्युनले आफ्नो हातमा लियो र न्यायपालिकाका सदस्यहरू जनताबाट चुन्ने व्यवस्था गर्यो । न्यायको त्यस व्यवस्थाले भ्रष्टाचार, चोरी, डकैतीको जगजगी भएको पेरिस राति पनि ताला लगाउन नपर्ने पेरिसमा फेरियो ।

पेरिसबाट भागेका मालिकहरूको कारखाना मजदुरहरूलाई नै जिम्मा दिइयो । श्रम समितिले उत्पादन कार्यलाई अगाडि बढायो र बेकारी समस्यालाई सुल्झायो । मालिकहरू बाँकी भएका कारखानाहरूमा ज्याला कम्युनले नै तोकिदियो । कारखाना मालिकहरूले मजदुरलाई सजाय गर्न नपाउने आदेश दिए । बन्धक राखिएका पसलहरू गरिब जनतालाई नै फर्काइदियो । अक्टोबर १८७० देखि १८७१ अप्रिलसम्मको घरको बहाल माफी गरिदियो र दिइएको रकमलाई पेस्की मानियो । मध्यमवर्गको ऋण ३ वर्षभित्र बिनाब्याजले किस्ताबन्दीको रूपमा तिर्ने बन्दोबस्त गरियो । त्यस्तो बन्दोबस्तले पसले, कालिगड, व्यापारी र मध्यमवर्ग कम्युनको पक्षमा गए । बन्धक लिने संस्थालाई शोषणको संस्था भनेर बन्द गरियो । अँध्यारो, ओसिलो छिँडी र पानी चुहिने छानामुनि बसेका मजदुरहरूलाई पेरिसबाट भागेका धनी र पुँजीपतिवर्गको घरमा डेरा सारियो । कामको समयमा मजदुरहरूको स-साना नानीहरू राख्ने शिशुशाला र बालोद्यानको बन्दोबस्त गरियो ।

मजदुर र महिलाहरूको नयाँ नयाँ वर्गीय र राजनैतिक सङ्गठनहरू खुल्न थाल्यो । कामदार जनताले ठूलो उत्साहपूर्वक कम्युनलाई सहयोग र समर्थन गर्न लागे । कम्युनले १ लाख प्रति पर्चाहरू छापेर किसानहरूलाई एक हुन आह्वान गर्यो । पर्चामा लेखिएको थियो, 'पेरिस जग्गालाई जोताहा किसानहरूकै गर्न चाहन्छ । काम गर्ने ज्यावलहरू सबै जनताको निम्ति मजदुरहरूको गर्न चाहन्छ', तल 'पेरिसका कम्युनहरू' भनेर लेखिएको थियो । त्यसबेला पुँजीपतिहरू र क्याथोलिक चर्चका धर्माधिकारीहरू गाउँ गाउँमा गएर किसानहरूलाई मजदुरविरोधी प्रचारहरू गरिरहेका थिए । मजदुरहरूले ती पर्चाहरू बेलुनमा बाँधेर गाउँ गाउँमा छर्न लगाए ।

कम्युनमा विदेशी मजदुर पनि निर्वाचित हुनसक्ने ऐन पास भयो । कम्युनले विदेशी क्रान्तिकारीहरूलाई कम्युनको मुख्य-मुख्य पदमा बसेर सेवा गर्ने मौका दियो । त्यो मौका विदेशी क्रान्तिकारीहरूलाई महान् उद्देश्यको निम्ति गरेको बलिदानको सम्मानमा प्रदान गरिएको थियो । कम्युन एक अन्तर्राष्ट्रिय सरकार हो । कम्युनको झन्डामा लेखियो, 'कम्युनको झन्डा संसारको प्रजातन्त्रको प्रतीक हो ।'

१८ मार्च १८७१ को क्रान्तिको रात प्रसियाको प्रधानमन्त्री बिस्मार्कलाई निद्रा लागेन । पेरिसको क्रान्ति जर्मनीको सीमासम्म पुग्ला भनेर उनी साह्रै डराएका थिए । उनी आफैं छिटो सम्झौता गर्ने पक्षमा थिए । त्यसकारण, थियरलाई शान्ति सम्झौताका सर्तहरू निश्चित गर्न दूतहरू पठाउने आदेशको सन्देश पठाए । थियरले दुई जना दूतहरू प्रसियाको राजधानी फ्रैङ्कफर्ट पठाए । दूतहरूमध्ये एकजना जुलेस फाब्रे थिए । उनी थियरको परराष्ट्रमन्त्री थिए । अर्को अगष्ट पौयर क्युर्टिएर थिए । उनी थियरका अर्थमन्त्री थिए । क्युर्टिएर स्वयं एक कारखाना मालिक र राजतन्त्रवादी थिए ।

बिस्मार्कले तिनीहरूलाई साम्राज्यको पुनः स्थापना वा शान्ति सम्झौताका सर्तहरूमध्ये एक रोज्न भने । सर्तमा हर्जाना तिर्ने समय घटाउने र फ्रान्सको स्थिति सन्तोषजनक नभएसम्म पेरिसको किल्लामा प्रसियाको सेना राखी छाड्ने कुरो पनि थियो । पेरिस कम्युनलाई खतम गर्न बन्दी बनाइएको बोनापार्टको सेनालाई पनि छोड्ने कुरा गरे । त्यसलाई मद्दत गर्न प्रसियाको सम्राट विल्हेमले सेनापति दिने आश्वासन दिए । हर्जानाको पहिलो रकम पेरिस 'शान्त भएपछि लिने' कुरा गरे ।

उसका शान्ति सम्झौताका सर्तहरू भर्सेलिजको सरकारले नमानेको खण्डमा साम्राज्यको पुनः स्थापनालाई मान्नुपर्ने थियो । साम्राज्यको पुनः स्थापनाको अर्थ त्यो सम्झौतालाई स्वीकार गर्ने सरकार स्थापना गर्नु नै थियो । थियरले आफ्नो सत्ता पनि छोड्नुपर्ने थियो । त्यसकारण, उनका दूतहरूले पुनः स्थापनाभन्दा शान्ति सम्झौताका सर्तहरूलाई स्वीकार गरे । वास्तवमा त्यो एक लज्जाजनक घुँडा टेकुवा सम्झौता थियो ।

१० मे १८७१ को दिन थियर सरकारले त्यस सम्झौतामा हस्ताक्षर गऱ्यो । अलसास र लोरेन प्रान्त जर्मनीको हातमा सुम्पिदिए । ५ अर्ब फ्रांक रकम बराबरको सुन तिर्न मञ्जुर गरे । १८ मे को दिन भर्सेलिजको राष्ट्रिय सभाले त्यसलाई स्वीकृति दियो । प्रसियाले लडाइँमा बन्दी बनाएका १ लाख फ्रान्सेली सेनालाई पेरिस कम्युन दबाउन फिर्ता दियो । शान्ति सम्झौतामा हारेको पक्षले सेना बढाउन दिँदैनथ्यो । तर, बिस्मार्कले कम्युनलाई दबाउन भर्सेलिजको सरकारलाई सेना बढाउन दियो । पेरिसको उत्तरमा प्रसियाको ठूलो सेना थियो । प्रसियाले भर्सेलिजका सेनालाई त्यहाँबाट पेरिसमाथि हमला गर्ने बाटो छोडिदियो । पेरिस कम्युनका सल्लाहकारहरूले उत्तरतिरबाट भर्सेलिजको सेनाले हमला गर्न आउँछ भनेर चिताएकै थिएनन् ।

२० मेको दिन भर्सेलिजका शत्रुले पेरिसमाथि धावा बोल्यो । २१ मे को दिन शत्रु नगरभित्र पस्यो तर मजदुरहरूले शत्रुहरूलाई चारैतिर रोकिराखे । पेरिस सहरको चारैतिर सडकहरूमा पर्खाल बनाएर मोर्चा बनाएका थिए । केटाकेटी र आइमाईहरूसमेत लडिरहेका थिए । कम्युनका समर्थक कम्युनार्डहरू हरेक टोल र हरेक घरमा एक एक इन्च जग्गाको निम्ति ज्यान दिएर लडिरहे । १० हजारभन्दा बढी मजदुरहरू मोर्चामा लडिरहेका थिए । पेरिसका मजदुरहरूले सहरलाई एक हप्तासम्म रक्षा गरिरहे ।

सबभन्दा पहिलो गढ पेरिसको 'पिरे लाचेस सेमेट्री' भन्ने चिहान थियो । २१ मेको दिनसम्म त्यहाँ २ सय मजदुर लडिरहेका थिए । आखिरमा भर्सेलिजका पल्टनले त्यसको मुख्य ढोकालाई तोपले फोड्यो र पल्टनभित्र पस्यो । कम्युनार्डहरू अन्तिम गोली भएसम्म लड्दै गए । बाँकी भएका कम्युनार्डहरूलाई पर्खालको कुनामा गोली हानेर मारे । अन्तिम बन्दुक भएसम्म पेरिसमा रातो झन्डा फहरिरहेको थियो ।

२८ मे १८७१ को दिन पेरिस कम्युनको अन्तिम मोर्चा पनि हाऱ्यो, प्रतिक्रान्तिको जीत भयो ।

२० मे देखि २८ मे सम्मको त्यस हप्तालाई 'रगत बगेको मे को हप्ता' भनिन्छ । पेरिसमा भर्सेलिजको पल्टनको कब्जा हुनासाथै अत्याचारको नाङ्गो नाच चल्यो । थियर सरकारले शङ्का लाग्ने सबै मानिसहरूलाई गोली हानेर माऱ्यो; कम्युनका नेताहरूलाई बडो यातना दिएर माऱ्यो । कम्युनार्डहरूलाई मद्दत गरेको शङ्कामा थुप्रै आईमाई र केटाकेटी पक्रिए र मारिए । ६५० केटाकेटी पक्रिएका थिए । ३० हजार कम्युनहरूलाई मुद्दै नचलाई ४० हजारभन्दा बढी जेलमा थुनिए वा अपराधीको रूपमा उपनिवेशहरूमा काम गर्न पठाइए । त्यो एक प्रकारको कालापानीको सजाय थियो । तिनीहरू त्यहाँ धेरै काम गर्दा गर्दै मरे अथवा आर्थिक कठिनाइ र बिरामी भएर मरे ।

२७ मे को दिन हरेक वर्ष 'पिरे लाचेस सेमेट्री' मा मजदुरहरूले एक सम्झना सभा गर्ने गर्छन् । पेरिसका कम्युनार्डहरूको सम्झनामा त्यस ठाउँलाई 'कम्युनार्डहरूको पर्खाल' नाउँ राखे । त्यो दिन हरेक वर्ष सहिद भएका मजदुरहरूका विधवाहरू त्यहाँ जान्थे । आफ्ना छोरा-छोरीहरूलाई भन्थे, "यही ठाउँमा तिम्रो बाबालाई पुँजीपतिवर्गले मारेको थियो । त्यसको बदला तिमीले लिनुपर्छ ।" त्यो सम्झना दिवस आज पनि हरेक वर्ष त्यहाँ मनाउने गर्छन् । इतिहासमा कहिले नभएको जस्तो वीरतापूर्वक लडेर सहिद भएका मजदुरवर्गका महान् अग्रदूतहरूलाई सलाम गर्छन् । सहिद हुने बेलामा ती वीरहरूले नारा लगाएका थिए 'कम्युन जिन्दावाद !'

**पेरिस कम्युनको असफलताका कारणहरू**

पेरिस कम्युनका मजदुरहरूले इतिहासमा नदेखिएको बहादुरी देखाएर लडे । असीम वीरतापूर्वक कम्युनको झन्डालाई ३ महिनासम्म माथि उठाइराखे । तर, त्यसका केही राजनीतिक र रणनीतिक गल्तीहरूले गर्दा पेरिस कम्युनले ठुलठुला हारहरू भोग्नुपऱ्यो ।

**कम्युनका रणनीतिक (लडाइँसम्बन्धी व्यवहारिक) भूलहरू**

(१) १८ मार्चको दिन, पेरिस कम्युन घोषणा गरिसकेपछि विरोधी सेनालाई निःशस्त्र गरिएन । तिनीहरूलाई भर्सेलिजमा जान दिइयो । तिनीहरूलाई बन्दी बनाइएन । विरोधीहरूलाई पेरिसका किल्लाहरूमा भेला हुन दिइयो । तिनीहरूलाई आवतजावत गर्न दिइयो । त्यस्ता छुटहरू दिँदा शत्रुहरूले पेरिसका सबै सैनिक गतिविधि र सैनिक कमजोरीहरू पत्ता लगाए । त्यहाँसम्म कि शत्रुले कम्युनको बारूद खानामा आगो लगाइदियो र हेडक्वाटर (प्रधानकार्यालय) मा नेताहरूमाथि आक्रमण गर्न सफल भयो ।

(२) फ्रान्सको बैङ्कलाई तुरुन्त कब्जा गरिएन । बैङ्क कब्जा गरिएको भए फ्रान्सेली पुँजीपतिहरूको भर्सेलिज सरकारलाई सम्झौता गर्न दबाब पर्दथ्यो । फेरि बैङ्क पुँजीपतिवर्गको स्नायु केन्द्र हो । एक बैङ्क दस हजार सेनाको बराबर थियो । बैङ्कको पैसा भर्सेलिज सरकारलाई दिइयो । त्यस पैसाले युद्धको तयारी गर्यो । नयाँ नयाँ सेना भर्ना गरेर शत्रुलाई तरबार दिने भूल गऱ्यो ।

(३) पेरिस भर्सेलिजको सेना र प्रसियाको सेनाबाट घेरिएको थियो । त्यस्तो निस्सासिंदो परिस्थितिबाट छिट्टै छुटकारा पाउनु आवश्यक थियो । त्यसको निम्ति भर्सेलिजमा तुरुन्तै धावा बोल्नु पर्दथ्यो । त्यसबेला थियरले सेना जम्मा गर्न सकेको थिएन । जम्मा गर्ने फुर्सद पनि पाउने थिएन ।

(४) पुँजीपतिवर्गलाई पेरिसबाट बाहिर जान दिइयो । ती पुँजीपतिहरूलाई बन्दी बनाइनु पर्दथ्यो । त्यसो गरेको खण्डमा धेरै काम आउँथ्यो अथवा भर्सेलिजको सरकार सम्झौता गर्न आउनुपर्दथ्यो । कम्युनले पादरीहरूलाई मात्रै बन्दी बनायो । मजदुर नेताहरूलाई भर्सेलिज सरकारले बन्दी बनाएको थियो । यदि पुँजीपतिहरूलाई बन्दी बनाएको भए बन्दीहरूको आदान-प्रदानको सम्भावना थियो अथवा पुँजीपतिहरू मर्ने डरले पेरिसमा गोलाबारी गर्न डराउँथे ।

(५) विरोधी मानिसहरूलाई आवतजावत गर्न दिँदा तिनीहरूले सबै प्रकारको सूचनाको आदानप्रदान गर्ने । त्यसले पेरिस कम्युनभित्र भ्रष्टाचार फैलाउने, आपसमा फुटाउने र जुधाउनेजस्ता षड्यन्त्रहरू गर्ने मौका पाए ।

**पेरिस कम्युनले गरेका केही राजनैतिक भूलहरू**

(१) १८ मार्चको दिन पेरिस कम्युनको घोषणा गर्नासाथै भर्सेलिजमाथि धावा बोलेर राष्ट्रिय सभालाई भङ्ग गर्नुपर्दथ्यो । थियरको सरकारलाई गिरफ्तार गर्नुपर्दथ्यो, यसबारे पेरिसमा शरण लिएर बसेका पोल्यान्डका क्रान्तिकारी जारोस्लाव डोम्ब्रोवस्कीले भनेका थिए । उनी एक खानदानी कुलका थिए र कम्युनले उनलाई पेरिसको मिल्ल भन्ने इलाकाको सुरक्षा कमान्डरमा नियुक्त गरेको थियो । उनले भर्सेलिजमा धावा बोल्ने र गिरफ्तार गर्ने प्रस्ताव राखेका थिए । उनले त्यसबेला भनेका थिए, "तपाईंहरू पछिको कुरा देख्नुहुन्न । तपाईंहरू दुई पाइलाभन्दा बढी सोच्न सक्नु हुन्न । ढिलो वा चाँडो तपाईंहरूले लडाइँ लड्नै पर्छ । तर, त्यसबेला धेरै अबेर भइसकेको हुन्छ । यदि तपाईंहरूले अहिले भर्सेलिजमा हमला गर्नुभयो भने परिस्थिति तपाईंको हातमा हुनेछ अथवा तपाईंको हातमाथि हुनेछ ।" समयले देखाइदियो डोम्ब्रोवस्कीको भनाइ ठीक थियो ।

(२) २६ मार्चमा चुनावमा विरोधी पार्टीहरूलाई पनि उठ्न दिइयो । त्यसले उनीहरूलाई आफ्नो शक्ति अनुमान गर्ने मौका दियो ।

(३) त्यसबेला फ्रान्सको जनसङ्ख्याको ठूलो भाग किसान, कालिगड र पसलेहरूजस्ता स-साना पुँजीपतिवर्गको थियो । सर्वहारावर्गले मात्रै सत्तालाई कब्जा गरिराख्न सक्दैनथ्यो । किसानहरूको सङ्गठन र सहयोग थिएन । पेरिस कम्युन गाउँमा पस्न सकेन । यसकारण, प्रतिक्रियावादीहरू गाउँमा गएर मजदुरविरोधी प्रचार गर्ने मौका पाए । थियरले थुप्रै किसानहरूबाट सेना बनायो । यसले गर्दा पेरिस एक्लियो ।

(४) फ्रान्समा त्यसबेला कुनै एक क्रान्तिकारी मजदुर पार्टी थिएन । मजदुर विभिन्न दलहरूमा विभाजित थिए । तिनीहरू एउटा क्रान्तिकारी सिद्धान्तमा एक थिएनन् । मजदुरवर्गको बहुमत भागले आफ्नो राजनीतिक कार्यहरू बुझेका थिएनन् । क्रान्तिकारी सिद्धान्त बोकेको बलियो मजदुरवर्गको एक राजनैतिक पार्टीबिना राज्यसत्ता कब्जा गर्ने क्रान्तिलाई नेतृत्व गर्न सक्दैनथ्यो ।

**पेरिस कम्युनको शिक्षा**

मजदुरवर्गको हरेक जीत र हारबाट नयाँ नयाँ शिक्षाहरू मजदुरहरूले सिक्ने गर्छन् । रगत बगाएर सिकेको शिक्षा बिर्सन्न । बलिदान खेर जान्न । सर्वहारावर्गको प्रजातन्त्र (कम्युन) पुँजीवादी प्रजातन्त्रभन्दा धेरै उँचो र पूर्ण प्रजातान्त्रिक व्यवस्था साबित भयो ।

पेरिस कम्युनले वर्गीय दमनको मुख्य शक्ति सेना र पुलिसको शक्तिलाई ध्वस्त पारेको थियो । पुरानो सेनाको ठाउँमा 'राष्ट्रिय गार्ड' को नयाँ सेना र मजदुरहरूको सशस्त्र शक्तिले रक्षाको काम सम्हालेको थियो । पेरिस कम्युन सर्वहारावर्गको पहिलो राज्यसत्ता थियो । सर्वहारा क्रान्तिमा त्यसले ऐतिहासिक महत्त्व राख्छ । यसको हार-जीतले तलका शिक्षाहरू लिन सकिन्छ ।

१) वर्ग शत्रुको सैनिक शक्तिलाई ध्वस्त गरेर सर्वहारावर्गको नयाँ सैनिक शक्ति कायम गर्नुपर्छ ।

२) शोषक वर्गमाथि नरमी या उदारता देखाउनुहुन्न । तिनीहरूमाथि सर्वहारावर्गको हुकुम चलाउनुपर्छ । सत्ताबाट फालिएको पुँजीपतिवर्ग विदेशी पुँजीपतिवर्गको मद्दतले पहिलेको भन्दा झन् बलियो भएर झम्टन आउँछ ।

३) पुरानो तयारी राज्य मेसिनरी (प्रशासन) ले सर्वहारावर्गलाई काम दिँदैन । सर्वहारावर्गको आफ्नै प्रशासन तुरुन्तै लागू हुनुपर्छ । नत्र पुराना कर्मचारीहरूले विरोध गर्ने, हडताल गर्ने र धोका दिनेछन् अथवा तिनीहरूको बिचमा सर्वहारावर्गको सङ्गठन हुनुपर्छ ।

(४) समाजवादको विजयको निम्ति किसान र मजदुरवर्गको सहयोग अत्यावश्यक छ । एकता गर्न सकिने स-साना पुँजीपतिवर्गलाई पनि एक गर्नुपर्छ । शत्रुलाई सकेसम्म एक्लो पार्नुपर्छ ।

(५) पेरिस कम्युनको क्रान्तिको बेलामा कार्ल मार्क्स बेलायतमा हुनुहुन्थ्यो । पेरिसको खबर सुनेर उहाँले भन्नुभयो, "शत्रु दैलोमा उभिएको छ, विद्रोह हारमा फेरिने छ ।" तर, क्रान्ति भयो । मार्क्सले आफ्नो सारा शक्ति लगाएर त्यसलाई समर्थन गर्नुभयो । संसारका सबै मजदुरवर्गलाई पेरिस कम्युनलाई समर्थन गर्न आह्वान गर्नुभयो । त्यसबेला पेरिस कम्युनमा मार्क्सवादीहरू अल्पमतमा थिए । मजदुरवर्गको एक सिङ्गो राजनैतिक पार्टी थिएन । भर्सेलिजमा आक्रमण गर्नुपर्ने कुरो महसुस गरिएन । पेरिस कम्युनले सुरुमा लडाइँ नगर्ने र शान्तिसित काम लिने खुकुलो वा उदारताको नीति लियो । त्यसकारण, वर्गशत्रुमाथि जाइलाग्ने मार्क्सवादजस्तो क्रान्तिकारी सिद्धान्त बोकेको राजनैतिक पार्टीको नेतृत्वमा मात्रै क्रान्ति सफलतापूर्वक अगाडि लैजान सकिने प्रस्ट भयो ।

६) मजदुरवर्गले आफ्नो अधिकार माग्दा र शासन सत्ता हातमा लिँदा पुँजीपतिवर्ग बहुला कुकुरझैं झम्टन आउनेछ । तिनीहरूको त्यो पशु स्वभाव फेरिन्न । त्यसकारण, मजदुरवर्गले सत्ता हातमा लिनुभन्दा पहिले र लिइसकेपछि झन् सतर्क र होशियार हुनुपर्छ । कुनै प्रकारको ढिलाइ र नरमी देखाउनुहुन्न ।

कार्लमार्क्सले भन्नुभयो, "आफ्नो कम्युनसँगै मजदुरवर्गले पेरिसलाई सबै नयाँ समाजको गौरवपूर्ण अग्रदूतको रूपमा सम्झिनेछ । यसका सहिदहरू मजदुरवर्गको विशाल हृदयमा रहिरहनेछन् । यसलाई सत्यानाश गर्नेहरूलाई इतिहासले सधैँको निम्ति अपराधीलाई उभ्याउने कोठामा राखिसकेको छ । तिनीहरूका गुरु पुरोहितहरूको सबै प्रार्थनाबाट पनि तिनीहरूलाई मुक्त गर्न सक्नेछैनन् ।"

'कम्युन अमर होस् !'

***स्रोत : 'विश्वका प्रसिद्ध मजदुर आन्दोलनहरू' बाट***





रुसको राजधानी मक्कोस्थित क्रेमलिन दरबार परिसरमा मे ९ का दिन हुने विजय दिवस परेडको रिहर्सल गर्दै रुसी सेनाहरू मे ४, २०२६ का दिन । तत्कालीन सोभियत लालसेनाले नाजी जर्मनीमाथि विजय प्राप्त गरेको दिनको सम्झनामा हरेक वर्ष मे ९ का दिन रुस र सोभियत गणतन्त्रहरूले विजय दिवस मनाउँदै आएका छन् । *तस्बिर : सिन्ह्वा/अलेक्ज्यान्डर जेमिलियान्चेन्को*

# जापानी सैन्यवादलाई बदल्न खोजेमा त्यसलाई पुनः इतिहासको न्यायिक पीठमा पुर्‍याइने

पेइचिङ, २२ वैशाख (सीआरआई) । "बितेका दु:ख बिर्सेमा सम्भवत: भविष्यमा आपत्ति आउन पनि सक्नेछ ।" ८० वर्षअघि टोकियो न्यायिक परिक्षणमा सहभागी चिनियाँ न्यायाधीश मै रू आओले यस्तो चेतावनी दिनुभएको थियो । ८० वर्ष बितिसकेपछि जापानी नयाँ ढाँचाको सैन्यावाद पुन: देखा परेको छ । यसै सन्दर्भमा टोकियो न्यायिक परीक्षणको ऐतिहासिक मूल्य र वास्तविक अर्थ झनै स्पष्ट र महत्त्वपूर्ण देखिएको छ ।

जापानी नयाँ ढाँचाको सैन्यावद पुन: देखा परेको अवस्थाको सामना गर्दा अन्तर्राष्ट्रिय समाजले त्यसको सशक्त रूपमा विरोध र नियन्त्रण गर्दै दृढताका साथ दोस्रो विश्वयुद्धको विजयको संरक्षण गर्नुपर्छ । कोही मान्छे वा कुनै पनि शक्तिले आफ्नो क्षमताको मापन नगरी थिचोमिचोको इतिहासलाई बदल्न खोजेमा त्यसप्रति पूरै विश्वका शान्तिप्रेमीहरूले दृढताका साथ विरोध गर्नुपर्छ र त्यसलाई पुन: इतिहासको न्यायिक पीठमा पुर्याइनेछ ।

बङ्गलादेशी विदेशमन्त्रीको चीन भ्रमण सम्बन्धमा परराष्ट्र मन्त्रालयको जवाफ चीनले बङ्गलादेशी विदेशमन्त्री खालिदको चीन भ्रमणसम्बन्धी जानकारी जारी गरेको छ । चीनले चीन-बङ्गलादेश सम्बन्धको वर्तमान अवस्थालाई कसरी मूल्याङ्कन गर्छ ? यस भ्रमणको लागि चीनको अपेक्षा के छ ?

यसबारे चिनियाँ परराष्ट्र मन्त्रालयका प्रवक्ताले जवाफ दिएअनुसार चीन र बङ्गलादेश परम्परागत मैत्रीपूर्ण छिमेकी र व्यापक रणनीतिक साझेदार हुन् । कूटनीतिक सम्बन्ध स्थापना भएको ५० वर्षभन्दा बढी समयदेखि, दुई देशहरूले शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्तहरूको आधारमा निरन्तर मैत्रीपूर्ण सम्बन्ध विकास गर्दै आएका छन्, एकअर्कालाई सम्मान गर्दै र एकअर्कालाई समान व्यवहार गर्दै आएका छन् । द्विपक्षीय सम्बन्धहरू स्थिर रूपमा विकास भइरहेका छन्, जसले दुवै देशका जनतालाई ठोस लाभ पुर्‍याएको छ ।

चीनले चीन-बङ्गलादेश सम्बन्धलाई ठुलो महत्त्व दिन्छ र यो भ्रमणलाई नयाँ बङ्गलादेशी सरकारसँग राजनीतिक पारस्परिक विश्वास बढाउन, विभिन्न क्षेत्रमा आदानप्रदान र सहयोगलाई गहिरो बनाउन, उच्च गुणस्तरका साथ बेल्ट एण्ड रोड इनिसिएटिभको संयुक्त निर्माण गर्न र चीन-बङ्गलादेश व्यापक रणनीतिक सहकारी साझेदारीको विकासलाई अझ प्रवर्द्धन गर्न काम गर्ने अवसरको रूपमा लिन इच्छुक छ ।

# मध्यपूर्वमा तनाव उत्कर्षमा

पेरिस, २२ वैशाख (एएफपी) । मध्यपूर्व क्षेत्रमा युद्धजन्य अवस्था थप जटिल बन्दै जाँदा अन्तर्राष्ट्रिय स्तरमा तनाव घटाउने आह्वान तीव्र भएको छ । पछिल्ला आक्रमण र प्रतिआक्रमणका घटनाक्रमले क्षेत्रीय मात्र नभई विश्वव्यापी सुरक्षा चिन्ता बढाएको छ ।

संयुक्त अरब इमिरेट्समाथि भएको आक्रमणपछि बेलायत, फ्रान्स, जर्मनी र साउदी अरेबियाले तत्काल तनाव कम गर्न आग्रह गरेका छन् । बेलायतका प्रधानमन्त्री किर स्टार्मरले अवस्था थप चर्किन नदिन रोक लगाउनुपर्ने बताउनुभएको छ भने जर्मनीका चान्सलर फ्रेडरिक मर्जले इरानलाई वार्ताको मार्गमा फर्कन आग्रह गर्दै क्षेत्रीय तथा विश्व शान्तिलाई बन्धक नबनाउन चेतावनी दिनुभएको छ ।

इरानतर्फबाट भने पछिल्ला आक्रमणलाई प्रत्यक्ष रूपमा अस्वीकार नगरिए पनि पूर्वनियोजित योजना नभएको दाबी गरिएको छ । एक वरिष्ठ इरानी सैन्य अधिकारीले तेल संरचनामा आक्रमण गर्ने कुनै पूर्वयोजना नरहेको उल्लेख गर्दै अमेरिकी सेनाको गतिविधिलाई उक्साहटपूर्ण भन्दै त्यसको जिम्मेवारी अमेरिकाले लिनुपर्ने बताए ।

यसैबिच, संयुक्त अरब इमिरेट्सको शिक्षा मन्त्रालयले सुरक्षा जोखिमलाई ध्यानमा राख्दै देशभरका विद्यालयहरूलाई बाँकी हप्ताका लागि दूरशिक्षामा रूपान्तरण गर्न निर्देशन दिएको छ ।

अमेरिकी सेनाले भने इरानका छवटा साना डुङ्गाहरू नष्ट गरेको र आफ्ना तथा व्यापारिक जहाजहरूलाई लक्षित गरी प्रहार गरिएका क्षेप्यास्त्र र मानवरहित आक्रमणकारी यन्त्रहरूलाई निष्क्रिय बनाएको जनाएको छ । संयुक्त राज्य केन्द्रीय कमान्डका प्रमुख एडमिरल ब्राड कूपरले अमेरिकी हेलिकप्टरहरूले व्यापारिक जहाजहरूलाई खतरा पुर्‍याउने डुङ्गाहरूलाई निशाना बनाएको जानकारी दिनुभयो । यद्यपि, तेहरानले आफ्ना युद्ध डुङ्गाहरू नष्ट भएको दाबीलाई अस्वीकार गर्दै अमेरिकी भनाइलाई निराधार र झुटो भनेको छ ।

संयुक्त अरब इमिरेट्सले भने इरानी आक्रमणबाट आफ्नो फुजैराह ऊर्जा केन्द्र प्रभावित भएको र उक्त घटनामा तीन भारतीय नागरिक घाइते भएको जनाएको छ । यसलाई उसले गम्भीर उल्लङ्घन भन्दै आवश्यक परे प्रतिकार गर्ने अधिकार सुरक्षित रहेको स्पष्ट पारेको छ । तर इरानका एक वरिष्ठ अधिकारीले भने युएईमाथि आक्रमण गर्ने कुनै योजना नभएको पुन: दोहोर्‍याए ।

ओमानतर्फ पनि असर परेको छ । हर्मुज जलघाँटी नजिकैको बुखा क्षेत्रमा एक आवासीय भवनलाई लक्षित गरी गरिएको आक्रमणमा दुई जना घाइते भएका छन् भने चारवटा सवारीसाधन क्षतिग्रस्त भएका छन् ।

यसैबिच, इजरायलले सुरक्षा सतर्कता उच्च स्तरमा राखेको जनाएको छ । इरान र अमेरिकाबिचको बढ्दो तनावलाई नजिकबाट निगरानी गरिरहेको त्यहाँका एक सैन्य अधिकारीले बताएका छन् ।

अमेरिकी नौसैनिक युद्धपोतहरू हर्मुज जलघाँटी हुँदै खाडी क्षेत्रमा प्रवेश गरी व्यापारिक जहाजहरूको सुरक्षा सुनिश्चित गर्ने अभियानमा जुटेका छन् । यसपछि इरानी राज्य सञ्चारमाध्यमहरूले इस्लामिक गणतन्त्रको नौसेनाले चेतावनीस्वरूप अमेरिकी जहाज नजिकै क्षेप्यास्त्र, रकेट तथा मानवरहित आक्रमणकारी यन्त्र प्रहार गरेको दाबी गरेका छन् ।

यद्यपि, अमेरिकी पक्षले आफ्ना झण्डा भएका व्यापारिक जहाजहरू सुरक्षित रूपमा उक्त जलमार्ग पार गरेको जनाएको छ । त्यसको प्रतिवाद गर्दै इरानको क्रान्तिकारी गाड्र्सले कुनै पनि व्यापारिक जहाजले हर्मुज पार नगरेको दाबी गरेको छ र अमेरिकी भनाइलाई पूर्णत: असत्य भनेको छ ।

पछिल्ला यी सबै घटनाक्रमले मध्यपूर्व क्षेत्र थप अस्थिर बन्दै गएको देखाएको छ, जहाँ सैन्य गतिविधि, कूटनीतिक बयानबाजी र आपसी आरोप-प्रत्यारोपले स्थिति थप जटिल बनाइरहेको छ ।

# अमेरिकाले कब्जा गरेको इरानी जहाजको चालक दलका १५ जना सदस्य इरानलाई हस्तान्तरण : अधिकारी

इस्लामावाद, २२ वैशाख (सिन्ह्वा) । संयुक्त राज्य अमेरिकाले कब्जा गरेको इरानी जहाज तौस्काका १५ जना चालक दलका सदस्यलाई पाकिस्तानले इरानी अधिकारीहरूलाई हस्तान्तरण गरेको अधिकारीहरूलाई उद्धृत गर्दै सिन्ह्वाले जनाएको छ । दक्षिणपश्चिमी बलुचिस्तान प्रान्त स्थित इरानको सिमानामा रहेको तटीय जिल्ला ग्वादरको गब्द-रिमदान सीमा नाकाबाट उनीहरूलाई हस्तान्त्रण गरिएको ग्वादरका उपायुक्त नकीबुल्लाह काकरले पुष्टि गर्नुभएको छ ।

पाकिस्तानको मध्यस्थतामा दुई पक्षबिच आवश्यक समन्वय र छलफलपछि चालक दलका सदस्यहरूलाई औपचारिक रूपमा इरानी अधिकारीहरूलाई हस्तान्तरण गरिएको काकरलाई उद्धृत गर्दै सिन्ह्वाले बताएको छ ।

हस्तातण गरिएका १५ जना चालक दलका सदस्यहरू संयुक्त राज्य अमेरिकाले कब्जा गरेको कन्टेनर जहाजमा रहेका २२ जना इरानी नागरिकहरूमध्येका व्यक्तिहरू भएको जनाइएको छ । जसलाई गत महिना अमेरिकाले कब्जामा लिएर पछि पाकिस्तान लगिएको थियो ।

बाँकी चालक दलका सदस्यहरूलाई अर्को चरणमा फिर्ता गर्ने अपेक्षा गरिएको सुरक्षा स्रोतहरूले नाम न छाप्ने सर्तमा बताएको सिन्ह्वाले जनाएको छ ।

यसअघि पाकिस्तानको विदेश मन्त्रालयले अमेरिकाको विश्वास निर्माण गर्ने उपायको रूपमा चालक दलका सदस्यहरूको स्थानान्तरणलाई सहज बनाएको जनाएको थियो । जस अनुरूप उनीहरूलाई इरानमा फिर्ता गर्नका लागि रातारात पाकिस्तान लगिएको जनाइएको छ ।

# हुनानमा पटाखा कारखाना विस्फोट, २१ को मृत्यु

पेइचिङ, २२ वैशाख (एपी) । मध्य चीनको हुनान प्रान्तस्थित एक पटाखा उत्पादन कारखानामा भएको भीषण विस्फोटमा कम्तीमा २१ जनाको ज्यान गएको छ भने ६१ जना घाइते भएका छन् । सोमबार दिउँसो भएको उक्त घटनापछि पनि जोखिम कायम रहेकाले उद्धार तथा अनुसन्धान कार्य तीव्र रूपमा अगाडि बढाइएको छ ।

चीनको सरकारी समाचार संस्था सिन्ह्वाका अनुसार विस्फोट चाङ्सा सहरअन्तर्गतको औद्योगिक क्षेत्रमा रहेको कारखानामा भएको हो । चाइना डेलीका अनुसार उक्त उद्योग लियुयाङ क्षेत्रको प्रमुख आतसबाजी उत्पादन केन्द्रमा पर्ने हुआशेङ आतसबाजी निर्माण तथा प्रदर्शन कम्पनीद्वारा सञ्चालन हुँदै आएको थियो ।

राज्य प्रसारण संस्था चाइना केन्द्रीय टेलिभिजनद्वारा सार्वजनिक गरिएको हवाई दृश्यमा विस्फोटपछि कारखानाका धेरै संरचना ध्वस्त भएका र केही स्थानमा अझै सेतो धुवाँ उठिरहेको देखिएको छ, जसले घटनास्थल अझै पूर्ण रूपमा सुरक्षित नभएको सङ्केत गर्दछ ।

घटनास्थलमा करिब ५०० जना



उद्धारकर्मी परिचालन गरिएको छ । विस्फोटनजिकै रहेका दुईवटा उच्च जोखिमयुक्त बारुद भण्डारका कारण थप दुर्घटनाको सम्भावना रहेकाले आसपासका बासिन्दाहरूलाई सुरक्षित स्थानमा सारिएको छ ।

अहिलेसम्म विस्फोटको ठोस कारण खुलेको छैन । सम्बन्धित निकायहरूले अनुसन्धान सुरु गरिसकेका छन् भने प्रहरीले कम्पनीका जिम्मेवार व्यक्तिलाई नियन्त्रणमा लिएको जनाएको छ ।

यस घटनापछि चिनियाँ राष्ट्रपति सी जिनपिङले बेपत्ता व्यक्तिहरूको खोजी तथा घाइतेहरूको उद्धारमा सम्पूर्ण प्रयास गर्न निर्देशन दिनुभएको छ । उहाँले घटनाको कारण चाँडो पत्ता लगाई जिम्मेवारमाथि कडा कारबाही गर्न र औद्योगिक क्षेत्रमा सुरक्षा व्यवस्थालाई अझ कडा बनाउन पनि आग्रह गर्नुभयो ।

उद्धारका क्रममा थप जोखिम कम गर्न पानी छर्कने तथा वातावरण चिस्यानयुक्त बनाउने उपाय अपनाइएको छ । कठिन स्थानमा खोजी कार्यलाई सहयोग पुर्‍याउन तीनवटा स्वचालित यन्त्रसमेत प्रयोगमा ल्याइएको छ ।

लियुयाङ क्षेत्र आतसबाजी उत्पादनको पुरानो केन्द्रका रूपमा चिनिन्छ । गिनिज वर्ल्ड रेकर्ड्सका अनुसार व्यवस्थित रूपमा अभिलेख गरिएको पहिलो आतसबाजी ताङ राजवंश (६१८-९०७ ईस्वी) का भिक्षु ली टियानसँग सम्बन्धित मानिन्छ, जसले बाँसमा बारुद प्रयोग गरी विस्फोट गराउने विधि विकास गरेका थिए ।

यसअघि पनि फेब्रुअरी महिनामा चन्द्र नयाँ वर्षका बेला चीनमा आतसबाजी पसलहरूमा भएका दुईवटा छुट्टाछुट्टै विस्फोट घटनामा मानवीय क्षति भएको विवरण सार्वजनिक भएको थियो । पछिल्ला घटनाले यस उद्योगको सुरक्षा व्यवस्थामाथि गम्भीर प्रश्न उठाइरहेका छन् ।

# रूस युक्रेन युद्धमा दुईदिने युद्धविराम घोषणा

किएभ (युक्रेन), २२ वैशाख (एएनआई) । रूसको रक्षा मन्त्रालयले दोस्रो विश्वयुद्धको अन्त्य भएको ८१ औँ वार्षिकोत्सवको अवसरमा मे ८ देखि ९ सम्म युक्रेनमा दुई दिने युद्धविराम गर्ने घोषणा गरेको छ ।

विज्ञप्ती जारी गर्दै रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले विश्व युद्धमा सोभियत जनताको विजयको उत्सवको सम्मानका लागि सन् २०२६ मे ८-९ मा युद्धविराम घोषणा गर्नुभएको छ, भने युक्रेनी पक्षले पनि यो उदाहरण पछ्याउने अपेक्षा व्यक्त गर्नुभएको छ । किएभ प्रशासनले विश्व युद्धको विजय उत्सवको ८१ औँ वार्षिकोत्सवको कार्यक्रममा बाधा पुर्याउने उद्देश्यले आपराधिक कार्याहरू गर्ने प्रयास गरेमा रूसी सशस्त्र बलले किएभको केन्द्रमा प्रतिक्रियात्मक आक्रमण गर्नेसमेत विज्ञप्तिमा उल्लेख गरिएको छ ।

साथै, युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले युक्रेनले मे ५ देखि ६ को मध्यरातदेखि छुट्टै युद्धविराम सुरु गर्ने घोषणा गर्नुभएको छ । यो समय अवधिमा मौन र शान्ति सुरक्षाको सुनिश्चित भएको अवस्था रहने उहाँले बताउनुभएको छ ।

रूसमा मे -९ मा दोस्रो विश्वयुद्धमा ज्यान गुमाउने लाखौं मानिसहरूको सम्झनामा विजय दिवस मनाउने गरिन्छ ।

# इरानलाई किन आक्रमण वा परमाणु हमला गरी आत्मसमर्पण गराउन सकिँदैन ?

● निक जियमब्रुनो

हवाई शक्तिले मात्र हर्मुज जलडमरू कब्जा गर्न वा इरानी सरकारलाई हटाउन सकिन्न । इरानीहरूको कमान्ड-एन्ड-कन्ट्रोल संरचना पूर्व-अनुमोदित युद्धकालीन प्रोटोकलहरूद्वारा शासित विकेन्द्रीकृत मोजेक (Mosaic) हो, जसमा प्रत्येक नेताको लागि ब्याकअप योजना हुन्छ, जसमा तीनदेखि सात पूर्वनिर्धारित उत्तराधिकारीहरू समावेश हुन्छन् ।

हवाई शक्तिले मात्र यमनमा धेरै साना र गरिब हुथीहरूलाई पनि हटाउन सकेन । यदि अमेरिकाले आफूले सुरु गरेको युद्ध जित्ने कुनै पनि सम्भावना छ भन्ने कुरामा गम्भीर छ भने यसको लागि ठुलो स्थल आक्रमण आवश्यक पर्नेछ ।


इरान-इराक युद्ध (१९८०-१९८८) को समयमा जब सद्दाम संरा अमेरिकाका लागि 'असल मान्छे' थिए । उनले इरानमा ५,००,००० भन्दा बढी इराकी सैनिक हमला गर्न पठाए, अमेरिका र सोभियत सङ्घ दुवैको समर्थन थियो र प्रथम विश्वयुद्धपछि कहिल्यै नदेखिएको रासायनिक हतियार प्रयोग गरे । तैपनि सद्दामले इरानको केही बिगार्न सकेन । यसबाहेक, आजको इरान १९८० को दशकको इरानभन्दा धेरै शक्तिशाली छ ।

यदि अमेरिका इरानमाथि आक्रमण गर्न गम्भीर छ भने यसको लागि पूर्ण सैन्य परिचालनको आवश्यकता पर्नेछ ।

इरानमाथि सफल स्थल आक्रमण गरी सरकारलाई उखाल्न, देश कब्जा गर्न र शान्त पारी अमेरिका-मैत्री कठपुतली शासन (अर्थात्, शाह २.०) स्थापना गर्न सम्भवत: धेरै बढी जनशक्ति चाहिन्छ । सम्भवत: अनिवार्य सैन्य भर्तीको (Military Draft) घोषणा, जुन ट्रम्पका प्रेस सचिवले हालै असम्भव छैन भनी अस्वीकार गरे ।

यति गरे पनि, पूर्ण स्तरको अमेरिकी स्थल आक्रमणले सफलताको कुनै ग्यारेन्टी दिनेछैन । अमेरिका छिमेकी अफगानिस्तानमा त सफल हुन सकेन, जुन इरानभन्दा धेरै आदिम, गरिब र हतियार नभएको देश हो ।

मध्यपूर्वका धेरैजसो अन्य राष्ट्रहरूभन्दा फरक, इरान (१९३५ भन्दा पहिले फारस भनेर चिनिन्थ्यो) कुनै कृत्रिम निर्माण होइन । जाति, धर्म र



सामाजिक इतिहासका आधारमा, यो एक राष्ट्र हो । युरोपेली नोकरशाहहरूले नक्सामा जिग्ज्यागहरू कोरेर इरानको सृजना गरेका थिएनन् । यो नक्साले प्राकृतिक, किल्लाजस्तो पहाडी सिमाना भएको देशको भौगोलिक वास्तविकतालाई प्रतिबिम्बित गर्दछ । पूर्वमा, रोमन साम्राज्य सामान्यतया फारसी साम्राज्य सुरु भएको ठाउँमा समाप्त हुन्थ्यो ।

मध्यपूर्वभरि इरानका शक्तिशाली साथीहरू छन् । जस्तै:- यमनका हुथीहरू, लेबनानमा हेजबुल्लाह र विभिन्न इराकी मिलिशियाहरू - जो लड्न इच्छुक छन् ।

यसबाहेक, इरान मध्यपूर्वमा रूस र चीनको प्रमुख सहयोगी हो । तेहरानमा अमेरिकी समर्थन भएको सरकारले चीनको बेल्ट एन्ड रोड इनिसिएटिभलाई पश्चिमतिर धकेल्नबाट रोक्न मद्दत गर्न सक्छ र सम्भावित रूपमा चीनको तेल आयातको १४ प्रतिशत कटौती गर्न सक्छ । यसले क्यास्पियन सागर हुँदै हुने रूसी व्यापारमा पनि बाधा पुऱ्याउनेछ र रूसलाई यसको दक्षिणी भागबाट अस्थिर बनाउन प्रक्षेपण प्याडको रूपमा काम गर्नेछ ।

इरानलाई अमेरिकी प्रभावमा ल्याउनाले रुस र चीन दुवैलाई अझ कमजोर बनाउने ढोका खुल्नेछ । यी दुई महाशक्तिहरूका लागि इरान रणनीतिक गहिराइ हो । रुस र चीनले इरानलाई पतन हुन दिन सक्दैनन् । त्यसैले, रुस र चीनले इरानलाई गुप्तचर, हतियार, आपूर्ति र अन्य प्रकारका सहयोगहरू प्रदान गरेको देख्दा मलाई अचम्म लाग्दैन यसले अमेरिकाको लागि द्वन्द्वलाई अझ महँगो बनाउनेछ ।

सबैभन्दा महत्त्वपूर्ण कुरा, इरानको भू-बनोट हेर्नुहोस् । त्यस्तैगरी, स्विट्जरल्यान्डको उबडखाबड पहाडी भूभागले शताब्दीयौँदेखि यसलाई आक्रमणबाट जोगाउन मद्दत गरेको छ । अनि इरान (१,६३०,८४८ वर्ग किलोमिटर) स्विट्जरल्यान्ड (४१,२९१ वर्ग किलोमिटर) को आकार मात्र होइन, बरु लगभग ४० वटा स्विट्जरल्यान्ड बराबर छ ।

यो स्पष्ट हुन्छ कि इरानमा पूर्णस्तरीय स्थल आक्रमण सम्भव छैन ।

तर, यसको अर्थ अमेरिकाले प्रयास गर्दैन भन्ने होइन ।

मानौं अमेरिकाले सफलतापूर्वक आक्रमण गरेर हर्मुज वरपरको तटरेखा र टापुहरू कब्जा गर्छ । त्यसले अझै इरानलाई फारसी खाडीमा तेल पूर्वाधार नष्ट गर्न भित्री भागबाट ब्यालिस्टिक क्षेप्यास्त्रहरू प्रयोग गर्नबाट रोक्न सक्दैन । यदि अमेरिकाले जलडमरू पुन: खोल्न सफल भयो भने पनि, इरानले निर्यात गर्न केही बाँकी नराख्ने कुरा सुनिश्चित गर्न सक्छ, जसले गर्दा यो प्रयास असफल हुन्छ ।

अमेरिकाले जे गरे पनि, इरानले हर्मुजमाथि नियन्त्रण कायम राख्ने सम्भावना छ ।

**के अमेरिका वा इजरायलले इरानमा आणविक हतियार प्रयोग गर्न सक्छन् ?**

सफल स्थल आक्रमणको निराशाजनक सम्भावनाको सामना गर्दै, अमेरिका (वा इजरायल) ले आणविक हतियार प्रयोग गर्न सक्छ ।

इरानलाई राम्रोसँग थाहा छ कि अमेरिका वा इजरायलले उसको विरुद्ध आणविक हतियार प्रयोग गर्न सक्छन् । उसको सरकारको अस्तित्व सुनिश्चित गर्न त्यो परिणामको लागि आकस्मिक योजनाहरू छन् । इरानको योजनामा सम्भवत: आफ्नै आणविक हतियार विकास गर्ने प्रयास पनि समावेश छ ताकि उसले पनि त्यस्तै जवाफी प्रतिक्रिया दिन सकोस् ।

यदि अमेरिका र इजरायलले इरानमाथि आणविक हतियार प्रहार गर्न सक्छन् जस्तो देखिएमा रुस र चीनले केही नगरी बस्नेछन् भन्ने कुरामा शङ्का छैन । उदाहरणका लागि, रुसले इरानी भूमिमा आणविक हतियार र रुसी सैनिकहरू निवारकको रूपमा राख्ने निर्णय गर्न सक्छ ।

मानौं, अमेरिका र इजरायलले इरानमा आणविक हतियार प्रयोग गरे यसले विश्वव्यापी निषेधलाई चकनाचुर पार्नेछ र प्रभावकारी रूपमा अन्य देशहरूलाई पनि प्रयोग गर्न हरियो बत्ती सङ्केत दिनेछ । के त्यसपछि रुसले युक्रेन वा युरोपको अर्को भागमा आणविक हतियार प्रहार गर्न सक्छ ? के चीनले ताइवानमा आणविक हतियार प्रहार गर्न सक्छ ? भारत र पाकिस्तानले के गर्ला ?

म हालसालै अमेरिकी सेनाको विशेष बलका एक पूर्वसैनिकसँग निजी फोनकलमा थिएँ, जोसँग धेरै राम्रो पहुँच छ र वर्तमान परिस्थितिको बारेमा जानकार छन् । यदि अमेरिका वा इजरायलले इरानमाथि परमाणु हमला गरे भने, अर्को आक्रमण हुने डरले रूस र चीनले तुरुन्तै अमेरिका र इजरायलमाथि आफूसँग भएका सबै शस्त्रसहित परमाणु हमला गर्ने राम्रो सम्भावना छ । 'सीमित' आणविक युद्ध भन्ने कुनै चीज हुँदैन । एकपटक परमाणु हतियारहरू उड्न थालेपछि, प्रोत्साहन भनेको यसलाई प्रयोग गर्नुहोस् वा गुमाउनुहोस् ।

इरानमा मात्र 'सीमित' रहने आशामा परमाणु हतियार प्रयोग गर्नु भनेको मानवजातिको भविष्यसँग जुवा खेल्नु जस्तै हुनेछ ।

अमेरिका वा इजरायलले इरानमाथि परमाणु हमला गरेमा त्यसको परिणाम विनाशकारी हुनेछ । यसले पृथ्वीमा जीवनलाई खतरामा पार्ने श्रृङ्खलाको प्रतिक्रिया (Chain Reaction) निम्त्याउन सक्छ । मेरो विचारमा, यो असम्भव भए पनि, पारस्परिक रूपमा सुनिश्चित विनाश (Mutually Assured Destruction) ले अवरोध निम्त्याउने सम्भावनाको कारणले गर्दा, यो वास्तविक सम्भावना नै रहन्छ - यो मलाई सबैभन्दा राम्रो परिस्थितिजस्तो लाग्दैन ।

इरानसँगको द्वन्द्व सैन्य सङ्कटमात्र होइन । यो धेरै ठुलो कुराको चेतावनी सङ्केत हो ।

लामो युद्ध, हर्मुज बन्द हुनु, तेलको मूल्यमा वृद्धि हुनु वा आणविक हतियार प्रयोग हुने लापरवाही मध्य-पूर्वमा सीमित रहनेछैन । यसले ऊर्जा बजार, आपूर्ति श्रृङ्खला, मुद्रा, मुद्रास्फीति र विश्वव्यापी वित्तीय प्रणालीमा तरङ्ग ल्याउनेछ ।

अर्को शब्दमा, जोखिमहरू भूराजनीतिक मात्र होइनन् । तिनीहरू व्यक्तिगत हुनेछन् ।

तिनीहरूले तपाईँको बचत, क्रयशक्ति, लगानी र स्वतन्त्रतालाई असर गर्न सक्छन् ।

*- इन्टरन्यासनल म्यान डटकम*

# कालोपत्रे सडकमाथि लापरबाहीको थुप्रो

● सत्य सुवाल

विकसित मुलुकहरूमा सार्वजनिक सडकलाई 'राष्ट्रिय सम्पत्ति' मात्र होइन, नागरिक अनुशासनको ऐना पनि मानिन्छ । त्यहाँ निर्माण कार्य गर्दा सडक प्रयोग गर्नुपरेमा स्पष्ट समयसीमा तोकिन्छ, सुरक्षाका मापदण्ड पालना गरिन्छ र काम सकिएलगत्तै सडक पूर्ववत् अवस्थामा फर्काइन्छ । सानो लापरबाहीमै पनि जरिवाना र कारबाही निश्चित हुन्छ । त्यसैले सडक दीर्घकालीन, सुरक्षित र व्यवस्थित रहन्छ ।

तर, हाम्रो सन्दर्भ फरक देखिन्छ । यहाँ घर तथा भवन निर्माणको नाममा सार्वजनिक सडक नै महिनौँ-वर्षौँसम्म निर्माण सामग्री थुपार्ने थलो बनेको छ । बालुवा, गिट्टी, इँटा, ढुङ्गाजस्ता सामग्री कालोपत्रे सडकमा थुपारिँदा सडकको सतह कमजोर बन्छ, चाँडै बिग्रिन्छ र राज्यको लगानी खेर जान्छ । सवारी आवागमनमा अवरोध, धुलो-धुवाँको समस्या र दुर्घटनाको जोखिम त झन् दैनिक यथार्थ नै बनेको छ ।

आवश्यकताअनुसार मनलाग्दी सडक खन्ने, भत्काउने, सडक पेटी चढाएर सवारीसाधन घरभित्र लैजाने, सडक भासिँदा पनि बेवास्ता गर्ने, पानी निकास अवरुद्ध हुँदा समेत ध्यान नदिने प्रवृत्ति झन् गम्भीर समस्या बनेको छ । यस्तो लापरबाहीले सार्वजनिक संरचना मात्र होइन, नागरिक सुरक्षामाथि नै प्रत्यक्ष खतरा निम्त्याइरहेको छ ।

स्थानीयको जग्गा लिएर सडक फराकिलो बनाइए पनि त्यसको प्रभावकारी उपयोग हुन सकेको छैन । सडक छेउमै जथाभावी सवारी साधन पार्किङ गर्ने प्रवृत्तिले दुर्घटनाको जोखिम बढाएको छ, अनावश्यक ट्राफिक जाम सिर्जना गरेको छ र सहरको समग्र सौन्दर्यसमेत बिगारेको छ । फराकिलो बनाइएको सडक फेरि साँघुरोजस्तै बनेको अनुभूति हुन्छ ।

पूर्वाधार विज्ञहरू बारम्बार भन्छन्, "सडक निर्माण गर्नु जत्तिकै महत्त्वपूर्ण यसको संरक्षण हो ।" तर, हामी संरक्षणभन्दा बेवास्तामा बढी अभ्यस्त देखिन्छौँ । सार्वजनिक सडकलाई निजी गोदामझैँ प्रयोग गर्ने, मनपरी खन्ने-भत्काउने, जथाभावी पार्किङ गर्ने र क्षति हुँदा पनि जिम्मेवारी नलिने प्रवृत्तिलाई अब कडाइका साथ निषेध गर्नुपर्छ ।

सडकमा निर्माण सामग्री राख्ने स्पष्ट समयसीमा, अनिवार्य अनुमति प्रणाली, कडाइका साथ अनुगमन तथा नियम उल्लङ्घन गर्नेलाई दण्ड-जरिवाना लागू गरिनु अपरिहार्य छ । अव्यवस्थित पार्किङ नियन्त्रणका लागि स्पष्ट नीति, चिन्हाङ्कन र कडाइका साथ कार्यान्वयन गरिनुपर्छ । क्षति पुऱ्याउनेबाट नै मर्मत-सम्भारको लागत असुल गर्ने व्यवस्था गरिनुपर्छ ।

सडक सबैको साझा सम्पत्ति हो–यसको संरक्षणमा राज्य र नागरिक दुवै गम्भीर बन्नु आजको आवश्यकता हो ।

# बगरखेतीले बदलिँदै कञ्चनपुरका किसानको जीवनशैली

कञ्चनपुर, २२ वैशाख । नदीका बगरलाई उत्पादनका लागि अनुपयुक्त मानिन्छ । वर्षायाममा पानीले भरिने र बाँकी समय सेताम्मे बालुवामात्रै रहने बगर त्यसै खेर जाने गर्दछन् । तर कञ्चनपुरका किसानले यही बगरलाई अवसरमा परिणत गर्दै तरकारीखेतीमार्फत मनग्य आम्दानी गर्दै आएका छन ।

शुक्लाफाँटा नगरपालिकाअन्तर्गत पर्ने दोदा, वनहरा र स्याली नदीका बगरमा किसानले व्यावसायिक तरकारीखेती गर्दै आएका छन् । विगत साढे दुई दशकदेखि निरन्तर रूपमा बगर खेती गर्दै आएका किसानले यसबाट आफ्नो जीवनस्तरमा उल्लेखनीय सुधार ल्याएका छन् ।

शुक्लाफाँटा नगरपालिका-१२ स्थित दोदा नदीको बगरमा करिब २५ वर्षदेखि खेती गर्दै आउनुभएका ठगी राना यसका जिउँदा उदाहरण हुनुहुन्छ । उहाँका अनुसार माघ महिनामा रोपिने लौका, काँक्रा, तरबुजा, प्याज, गोलभेँडा र तितेकरेला वैशाखको सुरुआतसँगै बजारमा पुग्न थाल्छन् । "एक सिजनमा झण्डै रु. दुई लाखसम्म आम्दानी हुन्छ", उहाँले भन्नुभयो, "यही आम्दानीले परिवारको खर्च धान्न सहज भएको छ ।"

वर्षातको समयमा दोदा नदीमा पानी बग्ने भएकाले खेती सम्भव हुँदैन । तर बर्सात सकिएपछि बालुवाले सेताम्मे हुने बगरमा तरकारीखेतीले हरियाली छाउ छ । रानाजस्तै करिब २० परिवारले उक्त क्षेत्रमा सामूहिक रूपमा तरकारीखेती गर्दै आएका छन् । सीमित जमिन भए पनि पाँचदेखि १० कट्ठासम्म क्षेत्रफलमा गरिएको खेतीले राम्रो प्रतिफल दिइरहेको किसानहरू बताउनुहुन्छ ।

बजार प्रणालीमा आएको परिवर्तनले पनि बगरखेतीलाई थप सहज बनाएको छ । पहिले किसानले उत्पादन गोरुगाडामा राखेर गाउँगाउँ पुऱ्याई गहुँलगायतका अन्नसँग साट्ने गर्थे । स्थानीय किसान उपदेव रानाका अनुसार अहिले व्यापारीहरू नै बारीमा पुगेर तरकारी खरिद गर्न थालेका छन् । "बिक्री नभएको तरकारी मोटरसाइकल, साइकलमा राखेर बजारसम्म पुऱ्याउँछौँ", उहाँले भन्नुभयो ।

अझै पनि केही किसानले परम्परागत अन्नसँग तरकारी साट्ने वस्तु विनिमय प्रणालीलाई निरन्तरता दिएका छन् । सुखी रानाका अनुसार नगदमा बिक्री गर्नुभन्दा गहुँसँग तरकारी साट्दा बढी फाइदा हुने अनुभव छ । "हामी अझै पनि अन्नसँग साटासाट गर्ने चलनलाई जोगाइरहेका छौँ", उहाँले बताउनुभयो "यसबाट नगदभन्दा बढी फाइदा हुन्छ ।"

वनहरा नदीको बगरमा खेती गर्दै आउनुभएकी सरस्वती रानाले गत वर्ष रु. तीन लाखसम्म आम्दानी गर्नुभएको थियो । "यस वर्ष उत्पादन केही कम भए पनि रु. दुई लाखभन्दा बढी आम्दानी हुनेमा ढुक्क छु", उहाँले भन्नुभयो । उहाँका अनुसार बीउबिजन, मलखाद, विषादी, घेराबार र जङ्गली जनावरबाट जोगाउन जाली लगाउँदा करिब रु. ५० हजार खर्च हुने गर्दछ ।

स्याली नदीको बगरमा खेती गर्ने लोकेन्द्र रानाले यस सिजनमा काँक्रा बिक्रीबाट मात्रै रु. २० हजारभन्दा बढी आम्दानी गरिसक्नुभएको छ । उहाँका अनुसार यामभरि सबै तरकारी बिक्री गर्दा करिब रु. दुई लाख आम्दानी हुने गरेको छ । स्याली नदीको बगरमा वडा नं ३ देखि १२ सम्मका १०० भन्दा बढी परिवार बगरखेतीमा आबद्ध छन् ।

कुनै समय यी बगर क्षेत्रमा भारतीय किसानहरूको दबदबा रहने गरेको स्थानीय किसान सम्झनुहुन्छ । भारतीयबाटै खेती गर्ने सीप सिकेपछि अहिले स्थानीय किसान आफैँ आत्मनिर्भर बनेका छन् । यसले स्थानीय उत्पादन वृद्धि हुनुका साथै रोजगारी सिर्जनामा योगदान पुऱ्याएको छ ।

बगरखेतीको अर्को विशेषता भनेको कम रोग-किरा लाग्नु हो । तातो बालुवायुक्त जमिनमा किराहरू टिक्न नसक्ने भएकाले उत्पादनमा क्षति कम हुने किसान इतवरिया राना बताउनुहुन्छ । "यसले लागत घटाउँछ र नाफा बढाउँछ", उहाँले भन्नुभयो ।

हाल स्याली, सनवोरा र दोदा नदीका बगरमा गरी झण्डै छ सयभन्दा बढी किसान परिवार तरकारीखेतीमा संलग्न छन् । शुक्लाफाँटा नगरपालिका-१२ का वडाध्यक्ष नवलसिंह रानाका अनुसार बगरखेतीबाट मात्रै वार्षिक रु. दुई करोडभन्दा बढीको तरकारी उत्पादन हुने गरेको छ ।

"यसले स्थानीय अर्थतन्त्रमा ठुलो टेवा पुऱ्याएको छ", उहाँले भन्नुभयो । उत्पादन भएका तरकारी चोरी हुनबाट र स्याललगायतका जङ्गली जनावरबाट जोगाउनका लागि किसानले झोपडी बनाएर बगरमै बस्ने गरेका छन् । जङ्गली जनावरलाई बारीमा पस्नबाट रोक्नका लागि पछिल्लो समय प्लाष्टिकको नेट लगाउने गरिएको छ ।

"नदी किनारका बगरहरू अब खेर जाँदैनन्", वडाध्यक्ष रानाले भन्नुभयो, "मेहनत, अनुभव र स्थानीय सीपको प्रयोगले ती बगरहरू किसानका लागि आयआर्जनको बलियो आधार बनेका छन्, उचित प्रविधि, सिँचाइ र बजार व्यवस्थापनमा थप सुधार हुनसके बगरखेतीले अझ व्यापक आर्थिक सम्भावना बोकेको देखिन्छ ।"

**(रासस)**

# ‘विश्वका प्रसिद्ध मजदुर आन्दोलनहरू’ पुस्तकबारे अध्ययन गोष्ठी




भक्तपुर, २२ वैशाख । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) द्वारा लिखित ‘विश्वका प्रसिद्ध मजदुर आन्दोलनहरू’ पुस्तकमा समावेश मजदुर आन्दोलनहरूबारे अध्ययन गोष्ठी कार्यक्रम प्रभात इङ्गलिस सेकेन्डरी स्कूलको आयोजनामा मङ्गलबार सम्पन्न भयो ।

१३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा आयोजित उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य एवं विद्यालय व्यवस्थापन समितिका सदस्य सृजना सैंजुले मार्क्सवादी दृष्टिकोण एवं सिद्धान्तका आधारमा सन् १९१७ मा विश्व प्रसिद्ध अक्टोबर समाजवादी क्रान्ति सोभियत सङ्घमा सफल भएको बताउनुभयो ।

मार्क्सवादी दृष्टिकोणअनुसार क्रान्ति सफल हुन क्रान्तिकारी पार्टी हुनु जरूरी भएको स्पष्ट पार्दै उहाँले वर्गसङ्घर्षबाट समाजवादी व्यवस्था स्थापना हुनेछ भन्नुभयो ।

कुनै पनि कुरालाई आलोचनात्मक ढङ्गले हेर्नु जरूरी भएको आवश्यकता औँल्याउँदै केन्द्रीय सदस्य सैंजूले परिवर्तन बहुसङ्ख्यक कामदार जनताको पक्षमा हुनु जरूरी छ भन्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका सदस्य गौतमप्रसाद लासिवाले विश्वका विभिन्न देशमा सयौँ वर्षदेखि हुँदै आएका मजदुर आन्दोलनको अनुभव, महान् दार्शनिक कार्ल मार्क्स र एङ्गेल्सले प्रकाशन गर्नुभएको कम्युनिस्ट घोषणापत्र, सन् १८७१ को पेरिस कम्युन आन्दोलनको अनुभव र सन् १८८६ मा विश्वका मजदुरहरूको हक हितको निम्ति भएको मजदुर आन्दोलनबारे बताउनुभयो ।

कामदारमाथि हुने शोषणको सीमा नाघेपछि मजदुरहरूको अगुवाइमा विद्रोह हुनेतर्फ सबै सचेत हुनुपर्ने उहाँले बताउनुभयो ।

कार्यक्रममा विद्यालयका प्राचार्य बदनकेशरी प्रजापति, अनिता च्वलेखो, सोना छुस्याबाग, राजकुमार साखकर्मी, रमिता सुवाल, अनिता न्हुछे, आरती लासिवा, संगिना नायजु र लिना लासिवाले पुस्तकमा समावेश मजदुर आन्दोलनबारे अध्ययनको सार राख्नुभएको थियो ।

## हार्दिक श्रद्धाञ्जली

जन्म
२००४/०५/२४



निधन
२०८३/०१/११

**हरिभक्त छेताला**

हाम्रा मिलनसार मित्र रबिन छेतालाका पूजनीय पिता **हरिभक्त छेताला** को दुःखद निधन भएको आज १३ औं दिन को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**साथीहरू**

| | | |
|---|---|---|
| केदार कुसी | सुरेश बिरबल | अनिल माक |
| रोशन बाग | सानू राजा त्यात | अनिल बासुकला |
| सुरेन्द्र सुवाल | बिष्णु प्रसाद पन्च | दिनेश गणेजु |
| राजु त्वाती | राजा राम सुवाल | निरोज कोजु |
| राज सिमाछ्वा वाङ्गायो | श्रीकृष्ण छुस्याकी | दिपक थिमी |
| बिकल बोहजु | कृष्णप्रसाद जाकिबन्जार | जीवन लाखे |

## हार्दिक समवेदना



जन्म
१९९७।१२।२४

निधन
२०८२।१२।०१

यस संस्थाका नवदुर्गा देवगणका स्व. अग्रज गुरु हर्षप्रसाद (नगुरु) बनमालाकी जीवनसङ्गिनी **माया बनमाला**को दुःखद निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**नवदुर्गा जात्रा तथा मन्दिर व्यवस्थापन संस्था**
गछैं-९, भक्तपुर

**सरकार...**

राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा शिक्षित र सङ्गठित गर्नु जरुरी रहेको उल्लेख गर्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले दलाल पुँजीपतिवर्गले शासन गरेको पुँजीवादी व्यवस्थाको कारण नेपाल परनिर्भर हुँदै गरेको उल्लेख गर्दै नेपाली जनताले आफ्नै खुट्टामा उभिनको निम्ति समाजवादी व्यवस्था ल्याउन एकजुट हुनु जरुरी रहेको स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, “कार्ल मार्क्सले शोषकहरूसँग लडेर सबैलाई समान बनाउने सिद्धान्त दिनुभयो । त्यही सिद्धान्तअनुसार नेमकिपाले समाजवादी गणतन्त्र हुँदै साम्यवादमा पुग्ने लक्ष्य राखेको छ । पार्टी कार्यकर्ताहरू पार्टीको यो उद्देश्य प्राप्त गर्न अविरल लाग्नुपर्दछ ।”

नेमकिपाका केन्द्रीय सदस्य सरोजराज गोसाईले साम्राज्यवादीहरूले कम्युनिस्ट पार्टीलाई कमजोर पार्न एनजीओ र आईएनजीओको प्रयोग गरेर पैसाको लोभमा फसाउने उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, “सन् १८८६ मे १ मा पशुसमान जीवन बिताउन बाध्य अमेरिकाका मजदुरहरूले ८ घण्टाको समय र उचित ज्यालाको निम्ति सङ्घर्ष गरेर विश्वका मजदुरलाई बाटो देखाएबाट नेपाली जनताले पनि सिक्नु जरुरी छ ।”

नेमकिपा सिंजा गाउँ समितिका अध्यक्ष लालभक्त सार्कीको सभापतित्वमा सम्पन्न उक्त प्रशिक्षण कार्यक्रममा नेमकिपा कर्णाली प्रदेशका धनेन्द्र विक, नेक्रायुसङ्घका अध्यक्ष मिनबहादुर बाटा र नेमकिपा सिंजाका लालबहादुर बुढाले पनि अन्तर्राष्ट्रिय श्रमिक दिवसको महत्त्वबारे चर्चा गर्नुभयो ।

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी-२, भक्तपुर

### अभिमुखीकरण कार्यक्रमसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाद्वारा सञ्चालन गरिने आधारभूत कम्प्युटर तालिमका लागि आवेदन दिनुभएका प्रशिक्षार्थीहरूको निम्न मिति, समय र स्थानमा अभिमुखीकरण कार्यक्रम हुने भएकोले सम्पूर्ण प्रशिक्षार्थीहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मिति** : २०८३ वैशाख २५ गते, शुक्रबार
**समय** : दिनको ३:०० बजे
**स्थान** : भ.न.पा. सभाकक्ष

## सूर्यशक्ति बचत तथा ऋण सहकारी संस्था लि.

बाराहीस्थान भक्तपुर-३

### सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०१/२३ गते बुधबार

### ऋण चुक्ता गर्न आउने सम्बन्धमा

उपरोक्त विषयमा यस सूर्यशक्ति बचत तथा ऋण सहकारी संस्था लि.बाट विभिन्न समयमा लगानी गरिएको कर्जा लिखित करारनामा समयावधि समाप्त भए पनि कर्जा चुक्ता गर्न आनाकानी गरिने सम्पर्कबिहीन हुने अवस्था रहेको र विभिन्न समयमा पटकपटक ऋण चुक्ताको लागि मौखिक लिखित फोन सम्पर्क गरी अनुरोध गरिएतापनि हालसम्म कर्जा चुक्ता गर्न नआएकोले १५ दिनभित्र आफ्नो सावाँ, ब्याज तथा लाग्ने दस्तुर चुक्ता गर्नुहुन सम्बन्धित सबै कर्जाधनीहरूलाई सूचना प्रकाशित गरिएको छ ।

अन्यथा तोकिएको समयावधिभित्र कर्जा चुक्ता नभएको अवस्थामा संस्थाको नाममा भएको धितो सम्पत्ति प्रचलित सहकारी ऐनबमोजिम लिलाम बिक्री गरी असुलउपर गरिनेछ र उक्त धितोबाट सम्पूर्ण बाँकी कर्जा असुलउपर हुन नसकेको अवस्थामा कर्जाधनी तथा निजको एकाघर सगोल परिवारको नाममा रहेको अन्य चलअचल सम्पत्ति वा व्यक्तिगत जमानीकर्ताको सम्पत्तिबाट समेत असुलउपर गरिनेछ ।

साथै तोकिएको समयभित्र कर्जा चुक्ता नगरेको खण्डमा सम्बन्धित कर्जाधनी, जमानीकर्ताको नामसहित उल्लेख गरी सामाजिक सञ्जाल, राष्ट्रिय पत्रपत्रिकामा प्रकासित गरिने र कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्ने प्रक्रियासमेत अघि बढाइने व्यहोरा यसै सूचनामार्फत सबैलाई जानकारी गराइन्छ ।

संस्थाका हित तथा सदस्यहरूको वित्तीय अनुशासन कायम राख्न सम्बन्धित सबैको सहयोगको अपेक्षा राख्दछु ।

**कर्जा विभाग**
**सूर्यशक्ति बचत तथा ऋण सहकारी संस्था लि.**

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी-२, भक्तपुर

### बालबालिकाको पोषण लेखाजोखासम्बन्धी सूचना

भक्तपुर नगरपालिकाभित्रका ६ महिनादेखि ५९ महिना (५ वर्षमुनिका) सम्मका बालबालिकाहरूको पोषण लेखाजोखा कार्यक्रम भक्तपुर नगरपालिकाका विभिन्न वडाहरूमा तपसिलबमोजिम सञ्चालन हुने भएकोले आफ्ना बालबालिकाहरूलाई समयमै तोकिएको स्थानमा पोषण लेखाजोखाको लागि सहभागी गराउन सम्पूर्ण नगरवासीहरूमा भक्तपुर नगरपालिका अनुरोध गर्दछ ।

**समय**: बिहान ८:०० बजेदेखि दिउँसो २:०० बजेसम्म

**तपसिल**

| क्र.सं | मिति | वडा नं. | स्थान |
|---|---|---|---|
| १. | २०८३ वैशाख २३ गते | वडा नं. १ | आधारभूत स्वास्थ्य सेवा केन्द्र सल्लाघारी र १ नं. वडा कार्यालय, दूधपाटी |
| २. | २०८३ वैशाख २४ गते | वडा नं. २ | जनज्योति पुस्तकालय, नःपुखु र नगर स्वास्थ्य केन्द्र, ब्यासी |
| ३. | २०८३ वैशाख २५ गते | वडा नं. ३ | ३ नं. वडा कार्यालय र दरबार क्षेत्र |
| ४. | २०८३ वैशाख २५ गते | वडा नं. ४ | तालाक्व र गपली |
| ५. | २०८३ वैशाख २६ गते | वडा नं. ५ | विद्यार्थी निकेतन मा.वि. र जनस्वास्थ्य सेवा केन्द्र, भगवतीस्थान |
| ६. | २०८३ वैशाख २६ गते | वडा नं. ६ | ६ नं. वडा कार्यालय र अँचा पोखरी, महाकालीस्थान |
| ७. | २०८३ वैशाख २६ गते | वडा नं. ७ | ७ नं. वडा कार्यालय र इनाचो |
| ८. | २०८३ वैशाख २७ गते | वडा नं. ८ | ८ नं. वडा कार्यालय र जैंला टोल |
| ९. | २०८३ वैशाख २७ गते | वडा नं. ९ | च्याम्हासिंह र दत्तात्रय |
| १०. | २०८३ वैशाख २८ गते | वडा नं. १० | बेखाल स्वास्थ्य केन्द्र र कमलविनायक मन्दिर परिसर |

## भक्तपुर नगरपालिका
## अरनिको सभा भवन निर्माण आयोजना

वाग्मती प्रदेश
देकोचा-६, भक्तपुर

### बोलपत्र आशयको सूचना

**मिति : २०८३/०१/२३**

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित अरनिको सभा भवन निर्माण आयोजनामा Sal Wood Work for Doors & Windows Frame At Araniko Sabhabhaban (Labour Work Only) को ठेक्का नं. Araniko/NCB/works/02/082/83 कार्य गर्न रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरूमध्ये श्री, R.G.S./Ayuna/S.R.J JV, Nepal कम्पनीको बोलपत्र मूल्याङ्कन समितिबाट सिफारिस भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र (३) अनुसार सम्बन्धित सरोकारवालाहरूको जानकारीको लागि यो ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | कबोल अङ्क (भ्याटबाहेक) | सारभूत रूपमा प्रभावग्राही कम्पनी |
|---|---|---|---|---|
| १. | Araniko/NCB/works/02/082/83 | Sal Wood Work for Doors & Windows Frame At Araniko Sabhabhaban (Labour Work Only) | रू,८७,९१,६३२।०० | R.G.S./Ayuna/S.R.J JV, Nepal |

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा